संघर्ष, स्वाभिमान र स्वावलम्बन

साहसिक पत्रकारिता

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३२७, ● अंक १९ ● २०८१ साल असार १६-३१ गते (30 June, 15 July , 2024) ● मूल्य रु. १०



# चीनले नेपाल भ्रमणमै किन गर्छ यति सारो खर्च ?

◆◆◆

नेपालबाट हुने चीनतिरको भ्रमणको शिलशिला हेर्नुभयो भने नेपालबाट प्रायः कम्युनिष्ट नेताहरुले चीनको भ्रमण गरेका छन् । काँग्रेस, जसपा, रास्वपा, राप्रपालगायतका दलबाट फाटफुट चीन भ्रमणमा जाने गरेको देखिएका छन् भने अन्य भ्रमणमा प्रायः कम्युनिष्ट नेताहरु नै चीनको भ्रमणमा गएका हुन्छन् । हुन त निजमती कर्मचारी, अधिवक्ता, विद्यार्थी, पत्रकार, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु पनि चीन भ्रमणमा गइरहेका छन्

◆◆◆

जब जब देशमा कम्युनिष्ट सरकार बन्छ तब तब नेपाल-चीन बिच भ्रमणको बाटो खुल्ला हुन्छ । र दुवै देशबाट भ्रमणको शृङ्खला सुरु हुन्छ । अनुपातमा हरेक दिन एक अर्काको देशमा उच्चस्तरीय भ्रमण हुन्छ । हरेक दिन चीनबाट कोही नकोही नेपाल आएकै हुन्छन् भने नेपालबाट पनि हरेक दिन कोही नकोही चीन भ्रमणमा गएकै हुन्छन् । २०७४ मा एमाले र माओवादी बिच एकता भएर नेकपा बनेको थियो । त्यो नेकपा पनि चीनकै पहल बनेको भनिन्छ ।

नेकपाको सरकार बनेपछि चीनका लागि नेपाल त घर आँगन जस्तै भयो । नेपालमा चीनको गतिविधि तीव्र रुपमा बढ्यो । जसरी नेपालमा चीनको गतिविधि बढ्यो त्यसरी नेपालबाट भारत टाढा गइरहेको थियो । तत्कालिन सरकारबाट भारतले दुरी बढाइ रहेको थियो । त्यही बेलादेखि चीन नेपालमा हावी भएको हो । एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको तत्कालिन सरकार तीन वर्षभन्दा बढी समयसम्म चलेको थियो । त्यतिबेलासम्म चीनले नेपालमा डेरा जमाइ सकेको थियो ।

एमाले र माओवादी बिच खटपट सुरु भएपछि नेकपा विभाजन भएको थियो । सा विभाजनबाट सबभन्दा तकलिफ चीनलाई भएको थियो । त्यो विभाजन रोक्नका लागि चीनले निकै प्रयत्न गरेको थियो तर सम्भव भएन । माओवादी अलग भएपछि एमालेका अध्यक्ष ओली नेतृत्वको सरकार ढलेको थियो र काँग्रेसको नेतृत्वमा सरकार बनेको थियो । हुन त त्यो सरकारमा एमालेबाट अलग भएका माधवकुमार नेपालले गठन गर्नुभएको नेकपा (एस) पनि थियो तर चीनका लागि त्यति भरपर्दो थिएन । चीनलाई चित्त बुझि रहेको थिएन । यता, त्यतिबेलाका सरकार पनि चीनप्रति त्यति सकारात्मक थिएन ।

त्यतिबेला भ्रमण तथा गतिविधिहरुमा ब्रेक लागेको थियो । त्यसपछि कोभिड सुरु भएको थियो । सबै कुरा ठप्प थियो । चीन र नेपालबिच खासै चहल पहल भइरहेको थिएन । काँग्रेस-माओवादी गठबन्धन नै कायम रह्यो एमाले छुट्टै चुनाव लड्यो । त्यतिबेला पनि चीनले एमाले, माओवादीलगायतका कम्युनिष्ट पार्टीलाई मिलाउन निकै प्रयास गरेको थियो । तर गठबन्धन तोड्न सकिरहेको थिएन । चुनावपछि काँग्रेससँग खटपट भएपछि माओवादीले एमालेसँग सरकार बनाएको थियो । भनिन्छ, त्यसमा चीनको पनि जोडबल थियो ।

एमाले-माओवादी गठबन्धनको सरकार बनेपछि चीन फेरि एकपटक तङ्ग्रिएको थियो । नेपालमा पुनः गतिविधि बढेको थियो । कोभिडमा बन्द भएको नाकाहरु खुल्न थाल्यो । चीनबाट उच्चस्तरीय भ्रमण हुन थाले विभिन्न सम्झौताहरु पनि हुन थाले । तर एमाले-माओवादीको त्यो गठबन्धन लामो समय चलेन । माओवादी केन्द्र फेरि काँग्रेससँग गठबन्धन बनाएर अर्को सरकार बनायो । त्यसपछि चीनको रफ्तारमा अलि ब्रेक लागेको थियो । तैपनि माओवादीको भरमा चीनले आफ्ना गतिविधि गरि नै रहेको थियो । भ्रमणहरु भइ नै रहेको छ । तर यो गठबन्धनबाट चीनले चित्त बुझाएको छैन । शुद्ध कम्युनिष्टहरुको सरकार बनाउन चीनले हिसाब किताबसहित जोडबल गरिरहेको छ ।

**भ्रमणको शृङ्खला**

नेपालबाट हुने चीनतिरको भ्रमणको शिलशिला हेर्नुभयो भने नेपालबाट प्रायः कम्युनिष्ट नेताहरुले चीनको भ्रमण गरेका छन् । काँग्रेस, जसपा, रास्वपा, राप्रपालगायतका दलबाट फाटफुट चीन भ्रमणमा जाने गरेको देखिएका छन् भने अन्य भ्रमणमा प्रायः कम्युनिष्ट नेताहरु नै चीनको भ्रमणमा गएका हुन्छन् । हुन त निजमती कर्मचारी, अधिवक्ता, विद्यार्थी, पत्रकार, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु पनि चीन भ्रमणमा गइरहेका छन् । तर भ्रमणमा जानेहरुको लिस्ट हेर्दा अधिकाँश कम्युनिष्ट पृष्ठभूमीका नै रहेको प्रष्ट बुझ्न सकिन्छ ।

तर यहाँ सम्झिनु पर्ने महत्वपूर्ण कुरा के हो भने जति पनि भ्रमणहरु हुन्छन् ती सबैको खर्च चीनले नै ब्यहोरेको हुन्छन् । चीनबाट आउने नेता तथा अन्य प्रतिनिधिहरुको भ्रमण खर्च उतैबाट नै ब्यहोरेको हुन्छ । नेपालबाट हुने भ्रमणको खर्च पनि चीनले नै ब्यहोरेको हुन्छ अर्थात दुवै देशबाट हुने भ्रमणको खर्च चीनले नै ब्यहोरेका हुन्छन् । त्यसको खर्च कति हुन्छ त्यसको कुनै हिसाब किताब छैन । अनुमान नै गर्ने हो खर्बौमा पुग्छ ।

देशका राष्ट्रपति, उपपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरुले भ्रमण गरिसकेका छन् । र ती भ्रमण गर्नेमा अहिलेका वर्तमान उपपराष्ट्रपति रामसहाय यादवबाहेक अरु सबै कम्युनिष्ट पृष्ठभूमीका नै छन् । कम्युनिष्ट पार्टीका कुनै पनि नेता सायदै बाँकी होला चीन भ्रमण गर्न । हरेक पार्टीका शीर्ष नेतादेखि लिएर सधारण नेताहरु भ्रमण गरिसकेका छन् । र, यस्ता भ्रमणहरु कम्युनिष्ट सरकार भएको बेलामा मात्र हुने गरेको विगतका भ्रमणहरुको तथ्य केलाउदा पुष्टि हुन्छ ।

अहिलेका उपराष्ट्रपति रामसहाय यादव र प्रधानमन्त्री पुष्पकमल दाहालले चीनको भ्रमण गरिसकेका छन् । पूर्व प्रधानमन्त्री केपी शर्मा ओली, झलनाथ खनाल, माधवकुमार नेपालले पटक पटक चीनको भ्रमण गरिसक्नु भएको छ । एमाले, माओवादी, नेकपा (एस) नेकपा (विप्लव), नेकपा (माले) का प्रायः शीर्ष नेताहरु चीनको भ्रमण पटक पटक गरिसक्नु भएको छ । एउटा तथ्यांक अनुसार सन् २०२३

बाँकी पृष्ठ ४ मा

## यस भित्र



यसकारणले विभाजन भयो जसपा नेपाल

● लेख, पृष्ठ ४



गठबन्धनको राजनीतिले काम गर्न गाह्रो छ

● अन्तरवार्ता, पृष्ठ ५



जहाँ स्तनको पनि बुझाउनु पर्थ्यो कर, नंगेलीले बिद्रोहमा काटे आफ्नै स्तन

● मध्यपृष्ठ, पृष्ठ ६



मधेशका कलकार सम्मानित

● पृष्ठ ९



सिकलसेल रोगले लिदैछ ज्यान, सरकार बेखबर

● पृष्ठ १०

अभिमत

# सम्पादकीय

## विदेशबाट फर्केका जनशक्ति सदुपयोग गर


नेपालबाट १७२ वटा मुलुकमा रोजगारीका लागि जान्छन् । तर नेपालले ११० देशलाई संस्थागत रुपमा वैदेशिक रोजगारीका लागि खुला गरेको छ । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०७९/०८० मा सात लाख ७१ हजार ३२८ जना श्रमस्वीकृति लिएर विदेश गएका छन् । वैदेशिक रोजगारमा गएकाहरू विभिन्न देशहरूबाट वार्षिक खर्बौं रेमिट्यान्स पठाउँछन् । चालु आर्थिक वर्षको १० महिना (साउनदेखि बैशाखसम्म) मा ११ खर्ब ९८ अर्ब ६० करोड रेमिट्यान्स भित्रिएको नेपाल राष्ट्रिय बैंकको तथ्यांकमा उल्लेख छ । वैदेशिक रोजगारीमा जाने युवाका लागि पेसागत सिप अनिवार्य गरिएसँगै दक्ष भएर विदेश जाने युवाको सँख्यामा वृद्धि हुँदै गइरहेको छ । तर सिप सिकेर जाने युवाभन्दा सिप सिकेर फर्किने युवाको सँख्या बढी छ । जुन युवा सीप सिकेर नगएपछि तीन चार वर्षमा केही नकेही सीप सिकेर नै स्वदेश फर्केका हुन्छन् । नेपालबाट समान्य सीप सिकेर गएकाहरू दक्ष र पोख्त भएर फर्केका हुन्छन् । ती जनशक्तिलाई पहिचान गरी देशको काममा लगायो भने धेरै उपलब्धी हुन्छ । वैदेशिक रोजगारबाट फर्केका केही युवाले आफ्नो सीप अनुसारको काम स्वदेशमै गरेका हुन्छन् तर अधिकाँशको सीप त्यतिकै खेर गइरहेका हुन्छन् ।

उताबाट फर्केका युवा कोही कृषिमा लागेका हुन्छन् भने कोही व्यपार गरेका हुन्छन् भने कोही सीप अनुसार मिस्त्रीका काम गरेका हुन्छन् । फर्केकाहरू केही न केही सीप सिकेर फर्ककै हुन्छन् तर राज्यले त्यसलाई पहिचान गरेको हुँदैन । वैदेशिक रोजगारबाट फर्किने युवाको सीप र दक्षताको तथ्यांक विमानस्थलमा संकलन गरेर त्यसको सदुपयोग गर्न सक्यो भने देशका लागि धेरै ठूलो जनशक्ति हुनसक्छ । तर राज्यले नजर अन्दाज गर्दै आइरहेको छ । वर्तमान श्रम मन्त्रीले जनशक्ति पहिचान गर्ने र त्यसलाई काममा लगाउने योजना बनाएको छ । वैदेशिक रोजगारबाट फर्किने युवामा कस्ता कस्ता सीप छन् भने कुराको जानकारी सरकारले लिन थालेको छ । सरकारका अनुसार सीपता अनुसार उनीहरूलाई काम दिने, कामका लागि आवश्यक पर्‍यो भने अनुदान पनि दिने योजना बनाएको छ । सीप सिकेर आएका युवालाई सोही अनुसार काम दिएर स्वदेशमै इगेंज गराउन सक्यो भने वैदेशिक रोजगारमा जानेको सँख्या विस्तारै विस्तारै घट्दै जाने विश्वास सरकारले लिएको छ ।

सरकारी अखबार गोरखापत्रका अनुसार गत २०८० साउनमा ५५ हजार ५७५ जना वैदेशिक रोजगारीमा गएकामध्ये दक्ष भएर जानेको सँख्या ३८ हजार ७५५ रहेकामा मङ्सिरमा गएका ७१ हजार २७६ जनामध्ये ५१ हजार ३४० जना दक्ष भएर गएका छन् । विभागको तथ्यांकले गत साउनमा उच्च दक्ष श्रमिक ११८ जना, अर्धदक्ष चार हजार ४६४ र अदक्ष १२ हजार २८४ जना बिदेसिएका छन् । यस्तै मङ्सिरमा उच्च दक्ष श्रमिकको सँख्या २११ जना, अर्धदक्ष छ हजार १२० जना, अदक्ष १३ हजार ५९७ जना रहेका छन् । त्यसो त आर्थिक वर्ष २०७७/०७८ मा भन्दा आव २०७९/०८० मा वैदेशिक रोजगारीमा दक्ष भएर जानेको सँख्या २४ प्रतिशतले बढेको थियो । आव २०७८/०७९ मा भन्दा आव २०७९/०८० मा यो सँख्या १९ प्रतिशत बढेको देखिन्छ । पछिल्लो तथ्यङ्कबाट दक्ष भएर वैदेशिक रोजगारीमा जाने क्रम बढेको पुष्टि हुन्छ । यस्तै आव २०७८/०७९ मा छ लाख ३० हजार ९० जनाले श्रम स्वीकृति लिएर विदेश गएकामा दुई लाख ९१ हजार ८८९ जना (४७ प्रतिशत) दक्ष जनशक्ति थिए भने आव २०७७/०७८ मा एक लाख ६६ हजार ६९८ जनाले श्रम स्वीकृति लिएकामा ७० हजार ४२६ (४२ प्रतिशत) जना दक्ष रहेका छन् ।

विभागका अनुसार आव २०७९/०८० मा सात लाख ७१ हजार ३२७ जनाले श्रम स्वीकृति लिएर विदेश गएकामध्ये अर्धदक्ष भएर जानेको सँख्या ६० हजार ५५५ जना (आठ प्रतिशत) रहेको छ भने अदक्षको सँख्या दुई लाख दुई हजार ६१६ जना (२६ प्रतिशत) रहेको छ । यस्तै सो अवधिमा उच्च सिपयुक्त (इन्जिनियर, चिकित्सक, व्यवस्थापक) मा काम गर्न जानेको सँख्या एक हजार ४१० जना (दुई प्रतिशत) रहेको छ । देशमा अशिक्षित बेरोजगारी १८ प्रतिशत छ भने साक्षर शिक्षित बेरोजगारी नौ प्रतिशत छ । वैदेशिक रोजगारीमा जानेहरूमा करिब ७४ हजार स्नातकोत्तर, दुई लाख १६ हजार स्नातक, करिब चार लाखभन्दा बढी उच्च माध्यमिक वा सोसरह र १५ लाखभन्दा बढी एसएलसी पास गरेकाहरू छन् ।

### तथ्यांक आफै बोल्छ




# पाठक पत्र

saharatimes.com.np@gmail.com


सहारा टाइम्स
संघर्ष, स्वाभिमान र स्वावलम्बन
SAHARA TIMES NATIONAL FORTNIGHTLY
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
• वर्ष १५, • पूर्णाङ्क ३२६, • अंक १८ • २०८१ साल असार १-१५ गते (15 June, 29 June, 2024) • मूल्य रु. १०
सिके राउत कसरी हुनुभयो
उपेन्द्र यादवको प्रमुख शत्रु ?
यस भित्र
देशको अवस्था धैन प्रतितर्फ • लेख, पृष्ठ ४
काम गर्न दिन भन्दा कामलाई डिस्टर्ब गर्न धेरै छन् • अन्तरवार्ता, पृष्ठ ५
मैथिलीमा नयाँ स्वाद भर्दै प्रवेश मल्लिक • मध्यपृष्ठ, पृष्ठ ६
बिहे गर्दैछिन् सोनाली • पृष्ठ ९
मधेशी जनताको सल्लाह अनुसार अगाडि बढ्छु • पृष्ठ १०

## उपेन्द्रको लाइनमा सिके राउत

उपेन्द्र यादव पनि उपेन्द्र यादव त्यतिकै बन्नु भएको छैन । उपेन्द्र यादव पनि मधेश राजनीतिमा आएपछि उहाँले गजेन्द्रनारायण सिंहलाई विरोध गर्नुभयो । गजेन्द्रनारायण सिहले स्थापना गर्नुभएको नेपाल सद्भावना पार्टीलाई यसैगरि विरोध गर्नुभयो । त्यसको पार्टीलाई उहाँले तहसनहस गर्नुभयो । नेपाल सद्भावना पार्टी सद्भावना पार्टी समाप्त भएपछि मात्र उपेन्द्र यादवको मधेशी जनअधिकार फोरम बन्यो । नेपाल सद्भावना पार्टीका सबै नेता उहाँले आफ्नो पार्टीमा भित्र्याउनुभयो । समय सन्दर्भ अनुसार चाहे त्यो पार्टी रहे रहेनन् त्यो बैग्लै कुरा हो तर सद्भावना पार्टीका अधिकाँश नेताहरु फोरममा बिलय भएका थिए । सरिता गिरी, भरत विमल यादव, रामेश्वर राय, राजेन्द्र महतो, मृगेन्द्रकुमार सिंह यादव, मनिष सुमन, देवेन्द्र मिश्र, गोविन्द चौधरी, विकास तिवारी, अनिल झालगायत थुप्रै नेता उपेन्द्र यादवको पार्टीमा मिसिनु भएको थियो । त्यसैगरि उहाँले तमलोपालाई पनि समाप्त गर्नुभयो । नेपाल सद्भावना पाटी र तमलोपालगायतका दललाई वर्ग सत्रु जस्तै व्यवहार गर्नुभयो अनि मात्र उपेन्द्र यादव उपेन्द्र यादव बन्नुभयो । हो, सिके राउत पनि उपेन्द्र यादवको सिको गर्नुभएको छ । उहाँले पनि उपेन्द्र यादव समाप्त नभएसम्म मधेशमा आफ्नो पार्टी बलियो हुनसक्दैन । रणनीतिक ढंगबाट नै उपेन्द्र यादवलाई कमजोर बनाउन लाग्नु भएको छ र त्यसमा उहाँ धेरै हदसम्म सफल पनि हुनुभएको छ ।

*विरेन्द्र यादव, सिरहा, मिर्चैया*

## उपेन्द्र र सिकेको द्वन्दले मधेशलाई घाटा

मधेशमा डा.सिके राउत र उपेन्द्र यादवको द्वन्द प्रष्ट रुपमा देखिएको छ । त्यो द्वन्दले मधेशलाई फाइदा होइन घाटा भइरहेको छ । उहाँहरु एक अर्कालाई सिध्याउनका लागि लाग्नु भएको छ । उपेन्द्र यादवले त आफ्नो पार्टीको एकता महाधिवेशनबाट सिके राउतलाई आफ्नो बर्ग सत्रु नै घोषणा गर्नुभएको छ । यो मधेशको हितमा राम्रो भएन । जबसम्म मधेशमा उपेन्द्र यादव र सिके राउतको बिचमा द्वन्द रहन्छ तबसम्म मधेशको केही हुँदैन । एउटै मुद्दा, एउटै एजेण्डा, एउटै मिसनमा रहेका यी दुई नेता आपसमा लड्नु भयो भने कसैको हितमा हुँदैन । मधेशको विकास र समृद्धिका लागि मधेशमा उपेन्द्र यादव, सिके राउत, महन्थ ठाकुर, राजेन्द्र महतोलगायतका नेताहरु मिल्नु आवश्यक छ । जब उहाँहरुले एक अर्कालाई कमजोर बनाउनतिर लाग्नु हुन्छ भने मधेशको कल्याण हुनेछैन । मधेश बनाउनका लागि मधेशी शक्ति एक ठाउँमा आउनै पर्छ ।

*राजकुमार सहनी, बारा, कलैया*

## तराई मधेशमा छैन कलाकारको कदर

तराई मधेशमा प्रवेश मल्लिक जस्ता कलाकारहरु पनि हुनुहुन्छ जसलको कदर नेपालमा हुन सकेन र भारतमा गएर धुम मचाएका छन् । साँच्चै भन्ने हो भने तराई मधेशमा यस्ता धेरै प्रतिभाहरु छन् । आआफ्नो क्षेत्रबाट उनीहरुले धेरै योगदान दिइरहेका छन् । कसैले केही नभने पनि उनीहरुले धेरै गरिरहेका छन् । तर संस्थागत हुन सकेको छैन । सायद उदित नारायण झा पनि नेपालमा रही रहेको भए यो उचाइ उहाँले पनि पाउनु हुन्थेन । आज प्रवेश मल्लिकले भारतमा जे उचाइ पाउनु भएको छ । त्यो उहाँको आफ्नो मेहनत र कर्तव्यले गर्दा हो । तराई मधेशमा अरु पनि कलाकारहरु छन् ।

त्यसले पनि स्ट्रगल गरिरहेका छन् । तर न उहाँलाई प्रदेश सरकारले सपोर्ट गरिरहेको छ न संघ सरकारले । यसले गर्दा कतिपय पलायन भएका छन् भने कतिपय अझै संघर्ष गरिरहनु भएको छ । गुरुदेव कामत जो आफ्नो सारा जीवन संगितमै समर्पित गर्नुभएको छ । सैयौं कलाकार उहाँले उत्पादन गर्नुभएको छ तर अझै संघर्षमय जीवन बिताइ रहनु भएको छ । रमा मण्डलको पनि यस्तै अवस्था छ । उहाँ लगभग यो क्षेत्रबाट पलायन नै हुनुभयो । मुरलीधर पनि नेपालमै निकै संघर्ष गर्नुभयो तर केही हात नलागेपछि उहाँ पनि भारतमै बसिरहनु भएको छ । यसरी यस्ता धेरै कलाकारहरु छन् जो संघर्षमै छन् ।

*विनोद साह, सिनामङ्गल, काठमाडौं*

## निर्मलाबाट अरुले सिकुन्

निर्मलकुमारी महतोको बारेमा छोटो स्टोरी सहारा टाइम्समा पढे । छोटो छ तर शिक्षाप्रद छ । निर्मला महतोबाट धेरैले सिक्नुपर्ने देखिन्छ । समाजले स्विकार नगरेको पेसालाई उहाँले जसरी स्विकार गर्नुभयो त्यो समाजका लागि धेरै ठूलो शिक्षा हो । जुत्ता सिलाई गर्ने पेसाले समाजमा हेलाको नजरले हेर्छन् तर एउटा महिला भएर उहाँले जुन हिम्मत देखाउनु भयो त्यो तारिफयोग्य छ । उहाँलाई राष्ट्रले सम्मान गर्नुपर्छ । मधेशी समाज निकै पिछडिएको समाज हो । त्यहाँ अनेक अन्धविश्वास, विकृति विसंगतीले जडो गाडेका छन् । महिलालाई त घुम्टोमा राखेर चार दिवारीको पछाडी राखेको हुन्छ । ती सबैलाई तोडेर निर्मलाले जुन पेस अपनाउनु भयो । नेपालको लागि उदाहरणीय कार्य हो । उहाँ प्लस टुसम्म पढ्नु भएको छ । चाहेको भए अरु पनि काम गर्न सक्नु हुन्थ्यो । कुनै बोर्डिङ स्कूलमा उहाँले टिचरको रुपमा काम गर्न सक्नु हुन्थ्यो । वा कुनै प्राइभेट वा सरकारीमा पियनको जागिर पनि गर्न सक्नु हुन्थ्यो । तर उहाँ स्वलम्बी भएर जसरी जुत्ता सिलाउने पेस अपनाउनु भयो त्यसका लागि उहाँलाई धेरै धेरै बधाइ तथा शुभकामना । उहाँबाट तराई मधेशका अरु अरु चेलीबेटीले सिकुन् ।

*सौरभ ठाकुर, saurabh.thakur2022@gmail.com*

# फेसबुक



**रामरिझन यादव**

"मधेशक बेटी" अर्थात् बुबाभन्दा आमाको छोरी ! त्यसैले त छोरी सधारण र छोरा बोर्डिङ्ग स्कूलमा पढ्छन । यति हुँदाहुँदै पनि राधिका यादवले त्यो गाउँ र स्कूलको इतिहासलाई तितरबितर पारिन जहाँ ऐतिहासिक कालखण्डमा एकजना जमिन्दारले महिलाको स्तन काटेको थियो । तिनै जमिन्दारको भाईको नाममा स्थापित स्कूलको इतिहासमा राधिका पहिलो चेली बनिन जसले थ्रुआउट प्रथम भइन् ।

राधिकामात्र होइन दोस्रो, चौथोदेखि दससम्मको रोल न भएको सबै चेली आजभन्दा चार वर्ष पहिले एसइइ परीक्षामा विगतको सारा आकडालाई भताभुङ्ग पारेपछि चेलीको महतालाई गाउँबासीले बल्ल थाहा पाएको थियो । छोराभन्दा छोरी कम हुँदैन भन्ने व्यवहारतः औरहीको इतिहासमा पुष्टि भएको पहिलो पटक हो । आज छात्रवृत्तिमा बीएससी नर्सिङमा अध्ययनरत तिनै चेलीमध्ये एक राधिका यादवले यसपाली एसइइ उतिर्ण गरेकी "मधेशक बेटी"को दुख र दर्दको व्यथालाई आफ्नो मातृभाषामा बखान गरिरहदा धेरैको आँखा रसाएको थियो । म स्वयम पनि भावविह्वल भएको थिए । वास्तवमा हाम्रो अभिभावकले हामीप्रति किन असमान व्यवहार गर्छन (?) भन्ने प्रश्नको हल नहुन्जेलसम्म "मधेशक बेटी"को शैक्षिक स्तर उकास्न सकिन्न । किनकि मधेश गाउँमा बस्छन शहरमा होइन ।

त्यसैले गाउँको व्यथा नै मधेशको कथा हो । कार्यक्रममा वार्डाध्यक्ष सुरेन्द्र यादवले यसपाली एसइइ पास गरेकाहरूलाई गाउँको माटो टेक्न लगाई शपथ खुवाईरहँदा लागिरहेको थियो अब मधेश बन्छ । तर, कति नै सुरेन्द्र यादव छन् यो मधेश प्रदेशमा जसले आफ्नो वार्डको बजेटबाट कोचिङ्ग संचालन गरिरहेका छन् र सधारण स्कूलको शैक्षिक स्तरलाई उकास्न कसम खाएका छन् । सुरेन्द्रले बाटोघाटो र सिचाईभन्दा शिक्षालाई प्राथमिकतामा राखेका छन, जो मधेश प्रदेशको सम्भवतः धेरैजसो वाडाध्यक्ष भन्दा भिन्न सोच हो । किनकि, मधेशको विकास भनेको सडक/ सिचाई हो । शिक्षा होइन । त्यसैले यसको साक्षरता दर कर्णाली प्रदेशभन्दा पनि कम छ ।

समाचार/विविध

# लोसपामा जिम्मेवारीविहिन नेताहरु

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले २०८२ को बैशाखमा महाधिवेशन गर्ने भनि तयारीलाई तीव्रता दिएको छ तर पार्टी गठन भएको तीन वर्ष हुन लागेको छ तर हालसम्म नेताहरुको जिम्मेवारी बाँडफाँट भएको छैन । बल्ल बल्ल गत असोजमा केन्द्रीय समितिको घोषणा गर्‍यो तर अहिलेसम्म न भातृ संगठन गठन भएको छ न कुनै विभाग गठन भएको छ । कार्यकारिणी समितिको आधारमा पार्टी सञ्चालन भइरहेको छ । नेताहरु जिम्मेवारीविहिन भएपछि के गर्ने भनि अलमलमा परेका छन् ।

यता महाधिवेशनलाई लक्षित गरी संगठन सुदृढीकरणको अभियानलाई तीव्रता दिएको छ । लोसपाले जिल्ला-जिल्लामा सदस्यता अभियान चलाई रहेको छ । मनिष मिश्रले भन्नुभयो, ‘ नयाँ सदस्यता वितरण तथा नविकरणको अभियान चलिरहेको छ, जिल्ला जिल्लाबाट त्यसको रिपोर्ट पनि आइ रहेको छ ।’ असार २ गते प्रत्येक जिल्लालाई पत्र पठाएर सदस्यता वितरण अभियान कसरी अगाडि बढेको छ त्यसको जानकारी प्रत्येक सात दिनभित्र केन्द्रीय कार्यालयलाई जनाकारी गराउन भनेको छ ।

यो अभियान तीन महिनाका लागि सुरु गरिएको हो, असारमसान्तसम्म पाँच लाख सदस्यता वितरण गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । प्रत्येक जिल्लामा अभियान सञ्चालनमा छ, रिपोर्ट आउन सुरु भएको छ, अभियान सकिएपछि मात्र कति सदस्यता वितरण भयो भनि थाह हुने उहाँले बताउनुभयो । उहाँले भातृ संगठनलाई पनि पूर्णता दिने काम सुरु भएको दावी गर्नुभयो । लोसपाका ३१ वटा भातृ तथा शुभेच्छुक संगठन रहेका छन् । त्यसमध्ये हालसम्म लोकतान्त्रिक विद्यार्थी संघ र लोकतान्त्रिक प्रध्यापक संघलाई मात्र पूर्णता दिएको छ । अरु संगठनको बारेमा गृहकार्य भइरहेको छ । यो महिनाभित्र सबै संगठनले पूर्णता दिइने महासचिव मिश्रले बताउनुभयो ।

जनता समाजवादी पार्टी नेपालबाट अलग भएर महन्थ ठाकुरले २०७८ भदौमा लोसपा नेपाल गठन गर्नु भएको थियो । लोसपा नेपालको अन्तरिम विधान अनुसार पाँच वर्ष महाधिवेशन गर्ने गरिसक्नु पर्ने उल्लेख छ । सोही विधान अनुसार महाधिवेशनको तयारीमा लोसपा लागेको छ । लोसपा गठन भएको लामो समयपछि केन्द्रीय समिति २०८० असोजमा सार्वजनिक गरेको थियो । पार्टी गठनको दुई वर्षपछि केन्द्रीय समिति सार्वजनिक भएपनि त्यो विवादरहित रहेन । सो केन्द्रीय समितिबाट असन्तुष्ट भएर राजेन्द्र महतो लोसपाबाट अलग भए भने अनिल झालगायतका नेताहरु पनि असन्तुष्ट भएर बसेका छन् ।

३११ सदस्यीय कार्य समितिमा ६४ जना पदाधिकारी नै रहेका छन् । ६४ जना पदाधिकारीसहितको केन्द्रीय समिति बनाएको झण्डै एक वर्ष हुन लागेको छ तर हालसम्म त्यसमा कार्य विभाजन गरेको छैन । कार्यविभाजन नहुँदा नेताहरु अलमलमा परेका छन् । धेरैपछि सदस्यता अभियान सञ्चालन गर्दा जिल्लाका नेता तथा कार्यकर्ता त्यसमा सक्रिय भएका छन् भने केन्द्रीय नेताहरु अलमलमा छन् ।

# अशोक राइ नेतृत्वको जसपामा कहाँबाट आए १७० जना ?

अशोक राइ नेतृत्वको जनता समाजवादी पार्टीले असार १२ र १३ गते केन्द्रीय समितिको बैठक बसाउनु भएको थियो । सो बैठकमा १७० जना केन्द्रीय सदस्य उपस्थित भएको दावी सो पार्टीका नेताहरुले गर्नुभएको छ । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट अलग भएर पार्टी गठन गर्दा अध्यक्ष अशोक राइले निर्वाचन आयोगमा बल्ल बल्ल ३१ जना केन्द्रीय सदस्यको नाम बुझाउनु भएको थियो । पार्टी गठन भएपछि सर्वोच्च अदालतले सनाखत पनि बन्द गरेको छ । उता उपेन्द्र यादवले आफ्नो पार्टीको महाधिवेशन पनि सम्पन्न गर्नुभएको छ ।

जसपा नेपालबाट जसपामा आउने सबै बाटो बन्द भएको बेला केन्द्रीय समितिको बैठकमा १७० जना केन्द्रीय सदस्य कसरी उपस्थित भएको भनि प्रश्न उठेको छ । यो हिसावले जसपा नेपालबाट आधा केन्द्रीय सदस्य जसपामा आइसकेका छन् । तर सो पार्टीका नेताहरुले यो सम्भव नै छैन । केही कार्यकारिणी तथा केही केन्द्रीय सदस्यहरु जसपामा गएका छन् तर उहाँहरुले १७० जना केन्द्रीय सदस्य आफ्नो पक्षमा रहेको दावी गरेका छन् भने त्यो गलत रहेको दावी जसपा नेपालका नेताहरुको रहेको छ ।

त्यस्तै, जसपाले भदौभित्र सातै प्रदेशको हरेक जिल्ला र स्थानीय तहमा आफ्नो संगठन विस्तार गर्न अभियान चलाउने निर्णय गरेको छ । केन्द्रीय समितिको बैठकले प्रदेश, जिल्ला तथा पालिका तहसम्म रुपान्तरण, समिति रुपान्तरण, पुनर्गठन वा नयाँ संगठन निर्माणको कामलाई अगाडी बढाउन रुपान्तरण तथा पुनर्गठन अभियान संचालन गर्ने सो पार्टीका महासचिव इस्तियाक राइले बताउनुभयो ।

यो अभियानमा आ-आफ्नो जिम्मेवारी भएको ठाउँमा केन्द्रीय सदस्यहरुले प्रदेश समिति वा प्रदेश समिति नबनेको अवस्थामा प्रदेश तदर्थ समिति वा त्यो पनि नबनेको भए पहिचानमा आधारित राष्ट्रिय समिति वा त्यो पनि नबनेको भए जिल्ला समिति वा तर्दथ समिति वा त्यो पनि नभए जिल्ला तर्दथ समिति बनाएर त्यससँगको समन्वयमा रुपान्तरण तथा पुनर्गठन अभियानलाई संचालन गर्ने तयारी रहेको उहाँले बताउनुभयो ।

हाल ५० वटा जिल्लामा आफूहरुको संगठन रहेको दावी गर्दै महासचिव राइले त्यसमध्ये आधाभन्दा बढी रुपान्तरण भएर नै आफूहरुको पक्षमा आएको दावी गर्नुभयो । कोशी प्रदेशमा प्रदेश समिति पुनर्गठित गरिएको छ । किराँत राष्ट्रिय समिति रुपान्तरित भएको छ र लिम्बुवान राष्ट्रिय समिति पुनर्गठित भएको दावी जसपाको छ ।

जसपाले १४ वटा जिल्लामध्ये कुनै रुपान्तरित र कुनै पुनर्गठन गरेर ११ वटा जिल्लामा पूर्ण रुपमा संगठनात्मक संरचना बनाइएको छ । मधेश प्रदेशमा पर्सा जिल्लामा पुनर्गठनको काम भएको छ भने अरु जिल्लामा क्रमशः पुनर्गठनको कामलाई अगाडी बढाउने जसपाले जनाएको छ । बागमती प्रदेशमा काठमाडौं प्रदेश समिति र नेवा राष्ट्रिय समिति जिल्ला समिति रुपान्तरण भएका छन् भने भक्तपुर र काभ्रेपलान्चोक जिल्ला समिति पुनर्गठन भएका छन् । अरु जिल्लामा क्रमशः पुनर्गठन गर्न कार्य जारी रहेको सो पार्टीले जनाएको छ ।

गण्डकी प्रदेशमा प्रदेश समिति रुपान्तरित भएको छ । राष्ट्रिय समन्वय समितिहरु पुनःगठित गर्नु पर्दछ र जिल्ला समितिहरुलाई क्रमशः पुनर्गठित वा रुपान्तरित गर्नु पर्ने अवस्था छ । लुम्बिनी प्रदेशमा बाँके, गुल्मी, प्युठान, पाल्पा र अर्घाखाँची जिल्ला समिति रुपान्तरित भएका छन् ।

कर्णाली प्रदेशमा प्रदेश समिति लगायत सुर्खेत, कालिकोट, जुम्ला र सल्यानमा जिल्ला समिति रुपान्तरित भएका छन् । सुदुरपश्चिममा जिल्लाहरु रुपान्तरण र पुनर्गठन गरेर प्रदेश समिति राष्ट्रिय समिति वा अन्य तहगत समितिहरु निर्माण गर्ने कार्य जारी रहेको जसपाले जनाएको छ । सुदुरपश्चिम प्रदेशमा कन्चनपुर जिल्ला पुनर्गठन गरिएको छ ।

# बिना घुस जनताले प्राप्त गर्दैनन् सेवासुविधा

सानै उमेरदेखि राजनीतिमा सक्रिय बाराका उमरावतीदेवी यादव माओवादी केन्द्रबाट समानुपातिक सांसद हुनुहुन्छ । तराई मधेश केन्द्रीत तत्कालिन राष्ट्रिय जनता पार्टीबाट आफ्नो राजनीति यात्रा सुरु गर्नुभएका उमरावती सामाजिक न्यायका लागि उहाँ सधैं लड्दै आउनु भएको छ । उहाँ मधेस प्रदेश बारा जिल्ला महागढीमाई नगरपालिका-६ का स्थायी बासिन्दा हुनुहुन्छ । उहाँ प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको सदस्य पनि हुनुहुन्छ । सांसद उमरावतीदेवी यादवले विद्यमान संसदीय शासन प्रणाली र मिश्रित निर्वाचन प्रणाली नै उपयुक्त रहेको बताउनुभएको छ । अहिलेको संसदीय अभ्यास क्रमशः परिपक्व दिशातर्फ उन्मुख भइरहेको बताउँदै उहाँले भन्नुभयो, “संसद्मा बेलाबखत हुने अवरोध अन्त्य गर्दै लैजानुपर्छ, देशको शासन व्यवस्थाका लागि योगदान दिएका प्रमुख राजनीतिक दल मिलेर काम गर्नुपर्छ । हामीले जनताका सुख, दुःखमा साथ र सहयोग गर्नुपर्छ ।”

निर्वाचित सांसदले जनताको पक्षमा नै काम गर्नुपर्नेमा जोड दिँदै उहाँले संसद् तथा सरकारले जनताका समस्या तथा गुनासालाई सम्बोधन गर्छ भन्ने विश्वास दिलाउनुपर्ने बताउनुभयो । लामो समयसम्म बञ्चितीकरणमा परेका वर्ग तथा समुदायलाई संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले राज्यको मूलप्रवाहमा ल्याएको उहाँको भनाइ छ । जिल्लाका जनताले खासगरी विकास र कानुन निर्माणको पाटो दुवैमा उत्तिकै चासो दिएर प्रश्न सोध्ने गरेको बताउँदै उहाँले पछिल्लो समय मतदाताले बजेट र विकासका माग र मुद्दालाई प्राथमिकतामा राख्न सुझाव दिएको सुनाउनुभयो । तराई मधेस कृषि उब्जनीको दृष्टिकोणबाट उर्वर रहेको बताउँदै सांसद यादवले कृषि क्षेत्रका समस्या समाधानका लागि सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा कृषि क्षेत्रलाई मुख्य प्राथमिकता दिइएकामा खुसी व्यक्त गर्दै उहाँले बजेटको प्रभावकारी कार्यान्वयन गरेर जानुपर्ने बताउनुभयो । कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र उद्यमशीलता प्रवर्द्धनलाई प्रमुख प्राथमिकतामा राखिएको बजेटले मुलुकको वर्तमान समस्या समाधान गर्ने विश्वास गर्नुभयो ।

राज्यबाट प्रदान गरिएको सेवासुविधा प्राप्त गर्न जनताले अझै पनि घुसका रूपमा पैसा नै बुझाउनुपर्ने स्थिति रहेको बताउँदै उहाँले सरकारी कार्यालयबाट प्रदान गरिने सेवालाई सहज र सरल मार्गबाट उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो । देशमा काम नपाएपछि युवा तथा विद्यार्थी रोजगारीका लागि बाध्य भएर विदेश जानुपरेको बताउँदै नेत्री देवीले भन्नुभयो, “पेट पाल्नपर्छ, बच्चा पढाउनुपर्छ, परिवार धान्नपर्छ, महँगीको जमाना छ, यहाँ आयआर्जनका बाटा पर्याप्त छैनन् । अनि विदेश नगएर के गर्नु ?”

कानुन निर्माणलाई कति प्राथमिकता दिने भन्ने विषय प्रमुख राजनीतिक दल र सरकार बिचको सहमतिमा निर्धारण हुने बताउँदै उहाँले बेरोजगारी मतदातालाई घरमै बसेर खेतीपाती र पशुपालन गर्नमा संलग्न हुन सुझाव दिनुभयो ।

## फरकमत

# दोहोरो चरित्र र मुद्दा विसर्जन



बलराम प्रसाद यादव

मधेशको अधिकारका लागि सात दशकदेखि नेपाली क्रान्तिको समानन्तरमा संघर्ष चलिरहेको छ । त्यो संघर्षको क्रममा थुप्रै नेता जन्मे र थुप्रै समाप्त पनि भए । आफ्नो अधिकार र पहिचानका लागि सायद कुनै समुदाय वा वर्गले यति लामो संघर्ष गरेको होला । अझै यो संघर्ष कति लामो जान्छ कसैले भन्ने अवस्था छैन । मधेशको अधिकार र पहिचान प्राप्त नहुनुको कारण मधेश केन्द्रीत दलका नेताहरुको अदुरदर्शिता नै हो ।

सात सालको क्रान्तिपछि वेदानन्द झाहरु कांग्रेसबाट विद्रोह गरेर तराई कांग्रेसको गठन गर्नुभयो र २०१५ को चुनाव भाग लिनुभयोे । तर उहाँहरुले एक सीट पनि ल्याउन सक्नु भएन । त्यसबाट घबराएर वेदानन्द झाले राजा महेन्द्र कहाँ गएर आत्मसमर्पण गर्नुभयो र पञ्चायती व्यवस्थामा विलिन हुनुभयो । मधेशको दुर्गती त्यहीबाट सुरु भएको भन्ने गरिन्छ ।

यता, स्वर्गीय गजेन्द्र नारायण सिंहले पनि नेपाली कांग्रेसबाट विद्रोह गरेर सद्भावना परिषद् गठन गर्नुभयो । सोही परिषद् लिएर मधेशमा अनेक मुद्दालाई उठाउनु भयो । संघर्षका विभिन्न कार्यक्रमहरु अगाडि बढाउनुभयो । २०४६ मा भएको जनआन्दोलनमा उहाँले भाग पनि लिनुभयो । सो आन्दोलन सफल भएपछि उहाँले सद्भावना परिषद्लाई नेपाल सद्भावना पार्टीमा परिणत गर्नुभयो ।

नेपाल सद्भावना पार्टी गठन भइसकेपछि २०४८ देखि २०५६ सम्म विभिन्न निर्वाचनमा भाग लिनु भएका गजेन्द्रनारायण सिंह कुनै न कुनै बहानामा पटक पटक हरेक सरकारमा जानु भयो । त्यही गजेन्द्रनाराण सिंह जो राष्ट्रवादी नेपाल पोशाक दौरा सुरुवाल र टोपीको विरोध गरेर नेता बन्नुभयो । मधेशी नेताको रुपमा आफ्नो छुट्टै पहिचान बनाउनुभयो । आफ्नो हाइट बनाउनुभयो । तर जब मन्त्री बन्ने बेला आयो अनि त्यो पोशाक लगाउन बाध्य हुनुभयो । मधेशको दोस्रो दुर्गती त्यहीबाट सुरु भयो ।

त्यस्तै नेकपा (मार्क्सवादी), एमाले, माले र माओवादी हुँदै मधेशी जनताको हक हितका लागि २०५४ सालमा मानव अधिकारवादी संस्थाका रुपमा उपेन्द्र यादवद्वारा गठित मधेशी जनअधिकार फोरम नेपाल पनि २०६३/०६४ को दुई वटा मधेश आन्दोलनहरु पश्चात सो मानव अधिकारवादी संस्थालाई संविधिनसभामा भाग लिनका लागि पार्टीमा रुपान्तरण गर्नुभयो । र, उहाँले पनि गजेन्द्रबाबु जस्तै सत्तास्वार्थको राजनीतिमा लाग्नुभयो । कुनै नकुनै बहानामा प्रायस हरेक सरकारमा सहभागी हुनुभयो । सत्तामा रमाउन थालेपछि मधेशका मुद्दाहरु छाड्दै जानुभयो ।

त्यस्तै नेपाल सद्भावना पार्टीबाट राजनीति सुरु गर्नुभएका राजेन्द्र महतो सो पार्टी छाडेर आफ्नो छुट्टै पार्टी सदभावना पार्टी गठन गर्नुभयो । सो पार्टीबाट आफ्नो छुट्टै खेतीपाती गर्न थाल्नुभयो । मधेशको मुद्दालाई वागमतीमा बगाएर सत्ताकै वरिपरी घुम्न थाल्नुभयो । पछि के के खेलपेच गर्नुभयो कसैबाट लुकेको छैन । त्यस्तै महन्थ ठाकुरजीहरु पनि कांग्रेस छाडेर तमलोपा गठन गर्नुभयो र संविधिनसभाको चुनावमा भाग लिनुभयो । उहाँहरु पनि सत्ता स्वार्थको राजनीतिमा नै रमाउन थाल्नुभयो । मधेश राजनीतिमा आएपछि महन्थ ठाकुर आफै कहिले सरकारमा जानु भएन तर आफ्नो गोजीको मान्छे जहिले पठाउनु भयो र त्यसबाट सधैं फाइदा लिनुभयो ।

त्यस्तै मधेशमा नयाँ शक्तिका रुपमा उदय भएको जनमत पार्टीको सुप्रिमो डा.सिके राउत मधेश आन्दोलनहरु पछि छुट्टै मधेश देशको नारा दिनुभएको थियो । अहिले उहाँले सत्ता-स्वार्थको राजनीति नै गरि राख्नु भएको अवस्था छ । संसदीय राजनीतिमा आउने वित्तिकै एक दिन पनि नपर्खेर सत्ताको राजनीतिमा रमाउन थाल्नुभयो । केन्द्रदेखि प्रदेशसम्म यहाँसम्म कि स्थानीय तहको सरकारमा पनि रमाउन थाल्नुभयो ।

वेदानन्द झा, गजेन्द्रनारायण सिंह, उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुरहरुले गरेको क्रियाकलापभन्दा

बाँकी पृष्ठ १२ मा



■ अशोक राई

# यसकारणले विभाजन भयो जसपा नेपाल

जनआन्दोलन, जनयुद्ध, मधेश जनविद्रोह, थरुहट, जनजाति, खस, मुस्लिम, दलित/शिल्पी आन्दोलन समेतको एकिकरण गरेर स्वतन्त्र, सशक्त, एकतावद्ध र सक्रिय पार्टी निर्माण गर्ने सोचाइले विभिन्न समुहहरुको एकताबाट जनता समाजवादी पार्टी नेपालको स्थापना गरिएको थियो । यो पार्टीको उदय पछि नेपाली जनता, श्रमजिवी वर्ग र उत्पीडीत समुदायको ध्यान आकर्षित भएको थियो ।

पार्टी उदाउँदो शक्ति बन्ने उनीहरुको आशा र अनुमानलाई गलत सावित गर्दै पार्टी विभाजन भयो । एकतालाई जोगाएर शक्ति निर्माण गर्न सकिएन । पार्टीमा यस बारे समिक्षा गर्ने र शिक्षा लिने काम पनि गरिएन । फलतः पार्टीले अपेक्षित परिणाम नपाएको मात्र होइन नेतृत्वदायी व्यक्तिहरु नै चुनाव हार्ने र पार्टीले पाउने मत समेत घट्ने अवस्था वन्न गयो ।

**पार्टी भित्रका समस्या**

मुल नेतृत्व (जसपा नेपालको अध्यक्ष उपेन्द्र यादव)को कार्यशैली मनोवृत्ति र प्रवृत्तिका कारण पार्टी र शक्ति दुबै नबन्ने निश्चित छ भन्ने नै जनता समाजवादी पार्टी, नेपालमा रहेका बखत सबैले निकालेको साझा निष्कर्ष थियो ।

मुल नेतृत्वले पार्टी एकताको लागि छलफल र सहमति गर्दा सङ्घीय समाजवाद सहित अनेकौं विषयमा सहमति जनाएर दस्तावेज जारी गरिएको थियो । तर ती विचारहरुलाई बोक्ने इमान्दारिता नदेखाएर नेतृत्वबाट पार्टीमा गम्भिर सैद्धान्तिक बहस कहिल्यै भएन । तर संघीय समाजवाद, वैज्ञानिक समाजवादलाई अपनाएर जाने लिखत विपरित सामाजिक जनवाद/लोकतान्त्रिक समाजवाद, समाजवादी लोकतन्त्र भन्ने जस्ता शब्दावलीको प्रयोग गर्ने र मौका पर्ना साथ सामाजिक लोकतन्त्र भन्दा अगाडी जान सकिन्न भनेर मनका कुरा खोल्ने अवस्था देखियो ।

यो गम्भिर सैद्धान्तिक विचलन वा बेइमानीपूर्ण अवस्थाका बारेमा आलोचना गर्दा पनि न त सच्चिन तयार न त बहस गर्न नै तयार हुने अवस्था रहेको थियो । हामीले एकताको बेला अनेक समुहलाई सहमत गराएको कुरा नेपाली कांग्रेस भन्दा अग्रगामी र नेपाली कम्युनिष्टहरुको भन्दा लोकतान्त्रिक र समग्रतामा परिवर्तनको पक्षमा दृढतापूर्वक उभिने पार्टी निर्माण गर्ने भन्ने हो । तर नेपाली काँग्रेसकै बिचार बोकेर पार्टीको औचित्व माथि प्रश्न खाडा हुने काम गर्नु सर्वथा अनुचित कुरा हो । तसर्थ हामी संघिय समाजवादको स्वदेसी विचारबाट अगाडी बढनु पर्दछ ।

संगठनात्मक क्षेत्रमा सामुहिक नेतृत्व प्रणालीलाई प्रणालीको रुपमा होईन स्वेच्छिक रुपमा प्रयोग गर्ने अबस्था रह्यो । आत्मकेन्द्रित स्वेच्छाचारी प्रवृत्ति व्याप्त भयो । मन लागेमा प्रणाली प्रकृयाको कुरा गर्ने मन नलागे आफु खुशी गर्ने । पार्टीको मुख्य नेतृत्व नै प्रदेश र स्थानीय तहका जिम्मेवारहरुको कार्यक्षेत्र समेत मिचेर उनीहरुको जानकारी बेगर वडा तहसम्म पुगेर सबै संगठन आफ्नै मुट्ठीभित्र राख्ने अभ्यासमा व्यास्त रह्यो । कुनै प्रदेशको अवस्था यस्तो थियो भने कुनै प्रदेशमा जान अनिच्छा देखाउने वा संगठनलाई विस्तार गर्ने र सशक्त बनाउने कुरामा वास्ता नगर्ने स्थिति सबैले भोगेको वास्तविकता हो ।

**पार्टीभित्रको गुट**

पार्टी भित्रका अन्तरविरोधहरुको समाधान गर्ने होईन आफूलाई अनुकुल हुने पक्षलाई उचालेर झन चर्काउने र गुटको आधार श्रृजना गर्ने । मुल नेतृत्व आफै खुल्ला वा छद्म रुपमा झगडाको कारक बन्ने र पार्टीलाई अन्तरविरोधहरुको गुजुल्टो बनाउने अवस्था रहेको थियो । यसले गर्दा इमान्दार नेता तथा कार्यकर्ताहरु दिक्क मानेर पार्टी छाड्दै हिड्ने अवस्था रह्यो । एउटा नेता विरुद्ध अर्को नेतालाई प्रयोग गर्न प्रयास गरि रहने ।

कसैलाई विश्वास नगर्ने र आफु पनि विश्वास गर्न लायक काम नगर्ने । अपारदर्शी, रहस्यमय कार्यशैलीको कारण कसैसँग खुल्ला दिलले खुलस्त व्यवहार गर्ने अवस्था देखिएन । पार्टी नेतृत्वले खुलाखुलस्थ र समस्याहरुलाई सुल्झाउने सकारात्मक सोंचलाई आत्मा साथ गर्नु पर्छ भन्ने कुरालाई गहिरो गरि हेक्का राख्नु पर्दछ । आज एउटालाई विश्वास पात्र र नजिक बनायो केही काम गरायो अनि के कुरामा मानभाउ पुग्दैन त्यसलाई आलोचना सुझाव सहयोग केही नगरी एकैचोटि जिम्मेवारी बिहिन बनाउने । पार्टीलाई र आन्दोलनलाई फाईदा नोक्सान के छ ? कुनै सोचाई नराख्ने, केवल व्यक्तिगत रुपमा मन पयो, परेन भन्ने आधारमा व्यवहार गर्ने । कुनै प्रकृयाको पालना गर्नु नपर्ने । उस्तै परे बैकल्पिक व्यक्ति खडा गरेर विरोधमा उफार्ने । यस्तो काम गराईले पार्टीका नेता कार्यकर्ताहरुको मनोविज्ञान थिलथिलो भएर क्रियाशिलतामा शिथिलता छाउने अवस्था रह्यो ।

काममा सक्रियता र परिणाममा सफलताका आधारमा होईन । मैले जे भन्यो त्यो मान्छ मान्दैन भन्ने आधारमा व्यक्तिको मूल्याङकन गर्नाले कार्यक्षेत्र र जनताको बिचमा काम गर्ने भन्दा नेताको वरिपरि घुम्ने प्रवृत्तिले प्रोत्साहन पायो । आफ्नो स्वार्थको साधक बन्छ कि बाधक भन्ने आधारमा कसै प्रतिको धारण बनाउने मात्रै होईन कार्यवाही गर्नु पर्ने अनुशासन उल्लघंनका घटनाहरुमा समेत यसै आधारमा निर्णय गर्ने अवस्थाले पार्टी झनझन एउटा नेताको हातमा केन्द्रीत बन्दै गयो । नेतृत्वले पद वा व्यक्ति केन्द्रीत होइन समिति केन्द्रीत अधिकारहरुको व्यवस्था गर्नु पर्दछ । काम र परिणमको आधारमा व्यक्तिको मुल्याङकन गर्ने परिपाटीलाई गम्भिरता पुर्वक स्थापित गर्नै पर्दछ ।

नेतृत्वभित्र वैचारिक कामलाई महत्व नदिने अर्को गम्भिर प्रवृती व्याप्त रहेको थियो । वैचारिक काम गर्नुपर्छ भन्दा "नाफा नोक्सान हेर्ने समयमा ठिक बेठिक कसले हेर्छ र ? वैचारिक कुरा गयो अन्ततः आफनो फाइदा भए ठिक नत्र बेठिक भन्ने ठाउमा टुङ्गिन्छ" भन्ने मान्यता नेतृत्वमा भएपछि पार्टी नाफा नोक्सान मात्र हेर्नेहरुको जमातमा फेरिनु स्वभाविक भयो । आम मान्छेको हकमा समेत ठिक- बेठिक गर्नहुने-नहुने, उचित-अनुचित, न्याय-अन्याय, सापेक्ष निरपेक्ष जस्ता कुराहरु केलाईन्छ भने पार्टीका नेता कार्यकर्ता र सदस्यहरुको हकमा त यो कुरा झनै अनिवार्य हुन्छ । तर मुल नेतृत्वको सोंच नै वैचारिक कामको अर्थ र महत्व छैन भन्ने भए पछि यो काम ओझेलमा पर्‍यो । जसले गर्दा उपयोगितावाद, अवसरवाद र आर्थिक लाभ जस्ता कुरा केन्द्र बिन्दुमा पर्न गए । तसर्थ हामीले पार्टी निर्माण गर्दा वैचारीक पक्षलाई गम्भिरता पुवर्क बुझ्नु र बुझाउनु पर्दछ । पार्टीको निर्णय इच्छा विपरित भए कार्यान्वयन नगर्ने । झुट्टा वोल्ने, ढाँट्ने । समस्या पर्दा रुने खुट्टा समाउने अनुकुल भए पछि थिचोमिचो गर्ने बिचित्रको नाटकीय कार्यशैलीले गर्दा नेतृत्वको ओज र विश्वसनियता धरासायी भएर गयो । विश्वास आस्था, निष्ठाको आधारमा भन्दा पनि अवसर लाभको आशामा झुण्डिएर नेतृत्व रिझाउनमा कसरत गर्नेको हुल बढ्दै गयो । जनतामा जरा गाड्ने भन्दा नेताको ध्यानार्कषण गर्नेमा जोड दिदा पार्टीको जनाधार कमजोर भयो । अब हामीले जनतामा जरा गाडेको क्रियाशिल कर्तव्यनिष्ठ जनविश्वास आर्जन गरेको पार्टी निर्माणमा जोड दिनु पर्दछ ।

**हिनताबोध ग्रन्थी**

इर्ष्यावस कसैको प्रगति देख्न नसक्ने खुट्टा तान्ने नेता कार्यकर्ताहरुको असल कामको प्रशंसा गर्न पनि कन्जुस्याई गर्ने । मलाई उछिन्छकी भनेर जहिल्यै सशंकित रहने । सारमा भन्दा हिनतावोधी ग्रन्थीका सम्पुर्ण बिकारहरु बोकेर हिड्ने अवस्थाले नेतृत्व र उत्तराधिकारीहरुको विकास अवरुद्ध भयो । पार्टीमा हजारौं प्रतिभाहरुका लागि पार्टी निर्माणमा आफ्नो क्षमता देखाउने र स्वस्थ प्रतिस्पर्धाद्वारा संगठन पार्टी प्रभाव र आन्दोलनको बिस्तार गर्ने अवसर हुनुपर्दछ । कुनै पदमा जीवनभर रहने होइन काममा प्रतिस्पर्धावाट योग्य र नयाँ नयाँ प्रतिभाहरु नेतृत्वमा पुग्न सक्ने प्रणाली भएको पार्टी बनाउन पर्दछ ।

पार्टी एकतालाई सुदृढ गर्ने, जोगाउने तिर भन्दा पनि "वसे मेरो इच्छाअनुसार चल्नु नत्र पार्टी छोड्नु" भन्ने खालको व्यवहार पनि देखियो । "सबै जोगी मरे मेरै तुम्वा भरे" भन्ने उखानलाई चरितार्थ गर्ने क्रममा कैयौंले पार्टी छाडेर गए । पार्टी विभाजन हुँदा समेत "केही लोभी पापी गएका हुन् पार्टी फुटेको होईन" भनेर आत्मारति गर्ने अवस्था देखियो । पार्टीमा प्रत्येक नेता कार्यकर्ताको आफ्नै महत्व हुन्छ । हरेकको आफ्नो क्षमता, प्रभाव र योगदान पनि रहेकै हुन्छ । तसर्थ कसैलाई पनि "गए जाँऊ" भनेर अपमान गर्नु र धकेल्नु हुदैन । सबैलाई अटाउने ठाँउ निर्माण गर्नु नेतृत्वको कर्तव्य हो ।

आफनै नेता र कार्यकर्तालाई सामुमा राखी कमी कमजोरी सच्याउन आलोचना सुझाव वा टिप्पणी गर्नुको सट्टा अनुपस्थितिमा व्यक्तिको वारेमा नकारात्मक धारणा बन्ने गरी नेतृत्वले नै कुरा काट्ने, झुटो चर्चा गर्ने, आरोप लगाउने र आधारहिन कुरा समेत उछाल्ने गरेर भ्रमको खेती गर्ने र कसै प्रति कसैको विश्वास नहुने अवस्था तयार गरिएको थियो । निर्वाचनमा उमेदवार बनाएका आफनै नेताहरुलाई हराउने वा आफनो जितलाई सुनिश्चित गराउने नाममा अर्को नेताको विरुद्ध पार्टी निर्णय विपरित प्रतिस्पर्धि पार्टीका उमेदवारसंग साँठगाँठ गर्ने आदि जस्ता कार्य गर्न पनि पछि नपर्ने ।

आफ्नो हारको घटनासँग जोडेर आफ्नै पार्टीका नेतालाई "पैसा खाएर चुनाव हरायो " भनेर आरोप लगाउने तर कमिटीमा छलफल गर्ने र कार्वाहीको विषय बनाउन नसक्ने जस्ता प्रबृती गैरजिम्मेवार र पार्टीलाई हल्का र कमजोर बनाउने प्रवृति हुन । पार्टीलाई यस्ता प्रबृतिवाट पुर्ण मुक्त बनाउनु पर्छ ।

नेता कार्यकर्ताहरुसँग बेला बखत अशिष्ट र अभद्र व्यवहार गर्ने । समस्या लिएर गएका कार्यकर्तालाई त्यो भन्दा ठूलो समस्यामा आफु फसिरहेको भनेर निरुत्साहित गर्ने वा वेवास्ता गर्ने जस्ता कुरा सामान्य भएको थियो । नेतृत्व समक्ष कार्यकर्ताहरुको सबै खाले समस्याहरु आउँछन् । गर्न मिल्ने नमिल्ने, सकिने न सकिने बारेमा खुलस्था कुरा गर्नु पर्दछ । कार्याकर्तालाई उचित मार्गदर्शन गर्नु पर्दछ । हुन सक्ने काममा सहयोग पुर्‍याउनु पर्दछ ।

जाहेज विषयमा विरोध आलोचना गर्ने नेता कार्यकर्ताहरु कुन बेलामा बद्लाको शिकार बन्ने हो भन्ने त्रासमा रहनु पर्ने गरी जगजगीको वातावरण व्याप्त भएकोले बिरोध आलोचना गर्न डराउनु पर्ने अवस्था रह्यो । बिरोध र आलोचना सत्यमा आधारित र रचनात्मक रुपमा हुनु पर्दछ । यसले नेता कार्यकर्तालाई गल्ती सुधार्न मद्दत पुग्दछ । यसलाई सहि तरिका र सहि ठाउँमा प्रस्तुत गर्न दिनु पर्दछ । रोक्नु निरुत्साहित गर्नु हुँदैन । बैठकमा र सरोकार वालाहरु बाहेक सार्वजनिक रुपमा गरिने विरोध आलोचनाले हानि गर्ने हुदा यसलाई सबैले निरुत्साहित गर्नु पर्दछ ।

निर्णयक बेलामा नेतृत्वले प्रष्ट दृष्टिकोण र दृढ अडान राख्नु पर्दछ । ढुलमुले नीति र व्यवहार देखाउनु, अप्ठ्यारो काम अरुलाई जिम्मा दिनु, कार्य सम्पादन भए पछि प्रसंसा गर्ने होइन त्रुट्टि र खोट केलाउने र साथीलाई निरुत्साहित गराउने काम पनि देखापरिरहने घटनाक्रम थियो । यसले गर्दा सहकर्मी साथीहरु र नेता कार्यकर्ताहरुले कामको जिम्मा लिन अप्ठारो मान्ने अवस्था थियो । पार्टीमा नेतृत्वले कमजोरीहरु हटाउन प्रेरित गर्न र सहयोग पुर्‍याउनु पर्ने हुन्छ ।

**विभाजनको बाध्यता**

पार्टी भित्रको यस्तो अवस्था र असन्तुष्टिका बिचमा कतिपयले पार्टी छोडेर जाने र कतिपयले महाधिवेशनको माध्यमवाट यी कुराहरुमा सुधार गर्न सकिएला कि भनेर आशा गर्ने अवस्थाको बिचबाट महाधिवेशनको तयारी शुरु भएको थियो । महाधिवेशन पार्टीको लागि कानुनी रित पुर्‍याउने औपचारिक थलो मात्रै होईन । यो कुनै नेतालाई गद्दीमा राख्न आयोजना गरिने राज्याभिषेक समारोह त हुनै सक्दैन । महाधिवेशनले पार्टीका कमीकमजोरी र उपलब्धिहरुको लेखाजोखा गर्नु पर्छ ।

आगामी दिनमा कमिकमजोरी हटाएर अगाडी बढ्न मार्ग चित्र तयार गर्नु पर्छ र कार्यान्वयनको योजना वनाउनु तथा त्यसलाई कार्यान्वयन गर्न नेतृत्व पंक्तिको छनौट गर्ने काम गर्नु पर्दछ । यसले पार्टीलाई एकतावद्ध र उर्जायुक्त बनाउनु पर्दछ । तर पार्टी महाधिवेशनको सदस्यता नविकरण (वितरण) ६ महिना अगाडी नै महाधिवेशनको विपरित मुखै विधानको व्यवस्था व्यवस्थित गर्नु पर्नेसम्म संगठित सदस्यताको विधान सम्मत विवरण नखोलि जवर्जस्ति अभिलेख राख्न लगाउने र संगठन विभागले सदस्यताको अभिलेख रुजु गरेर सही गलत छुट्याई मतदाता नामावली प्रमाणित गर्नुपर्नेमा सो नगरी परिपत्र जारी गर्ने कामले महाधिबेशन नेताहरुको बिचमा छलफल, सहमति र विधान सम्मत आधारमा होइन एक जनाकोईच्छाको आधारमा संचालन हुने कुरा स्पष्ट भएको थियो । जसलाई स्वीकार गरेर जान उचित हुने थिएन ।

महाधिवेशनको तयारी भईरहेकै बेलामा विरोध गर्दागर्दै मधेश प्रदेश समितिको अध्यक्ष परिवर्तन गरियो । केन्द्रिय समिति आयोजक हुँदा हुँदै त्यसको सरोकार नराखि व्यवस्थापनको जिम्मा निकटताका आधारमा दिइयो । विधान विपरित निर्वाचन तदर्थ समिति बनाई सर्वाधिकार सुम्पिने मनलागि काम गरेर महाधिवेशनको परिणाम एउटा व्यक्तिको मुट्ठि भित्र राख्ने ठाउँमा पुयाए पछि वाद्य भएर आकस्मिक रुपमा विभाजनको निर्णय गर्नु परेको कुरा स्पष्ट नै छ ।

संसदीय दलबाट दल विभाजन गरी दल दर्ता गर्ने छिटो र सुरक्षित बाटो अपनाइयो । सोही अनुरुप जनता समाजवादी पार्टी दर्ता भए पछि सार्वजनिक रुपमा जानकारी गराईएको अवस्थामा नेता साथीहरुले किन पूर्व सल्लाह भएन भन्ने गुनासो र आलोचना पनि राख्नुभएको छ । यो परिस्थितिले गर्दा भएको हो ।

*(जसपा नेपाल विभाजन भएर गठन भएको जसपाको पहिलो केन्द्रीय समितिको बैठकमा सो पार्टीका अध्यक्ष अशोक राइले जेठ १२ गतेको बैठकमा प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनका केही अंशः)*

अन्तरवार्ता

# गठबन्धनको राजनीतिले काम गर्न गाह्रो छ



■उपेन्द्र प्रसाद यादव
प्रमुख, महागढीमाई नगरपालिका

बारा जिल्लामै सबभन्दा कान्छो मेयरको रुपमा आफ्नो पहिचान बनाउन सफल हुनुभएका उपेन्द्रप्रसाद यादव नेपाली काँग्रेसको तर्फबाट महागढीमाई नगरपालिकामा मेयरमा पाँच हजार ७६५ मतले विजय हुनुभएको छ। उहाँले आफ्ना प्रतिस्पर्धी संघीय समाजवादी फोरमका शंकरदास जयसवाललाई पराजित गर्नुभएको हो। काँग्रेसमा नेवि संघबाट राजनीति सुरु गर्नुभएको उहाँ हाल तरुण दलमा आवद्ध हुनुहुन्छ। ४६ वर्षीय उपेन्द्र प्रसाद यादव प्लस टुसम्म अध्ययन गर्नुभएको छ। बारा भन्सिया टोलका उपेन्द्रप्रसाद यादव केही समय मास्टरी पनि गर्नुभयो।  मास्टरी पेसा अपनाए पनि लामो समय त्यो पेसामा रहनु भएन र राजनीति नै निरन्तरता दिनुभयो। यस नगरपालिकामा करिब ६२ हजार जनसंख्या छन। यहाँका ८५ प्रतिशत नागरिक कृषिमा आधारित छन्। करिब तीन वर्ष नगरपाकिलाको मेयर रही सक्नुभएका उपेन्द्रप्रसाद यादवसँग हालै पारित गर्नुभएको बजेट र नीति तथा कार्यक्रम, चुनावमा गरेको प्रतिवद्धता, अगामी आर्थिक वर्षमा गरेको कामको प्रंगतिलगायतका विषयमा गरिएको कुराकानीका सम्पादीत अंशः

**तपाईले हालै नगरपालिको बजेट र नीति तथा कार्यक्रम पारित गर्नुभएको छ, अगामी आर्थिक वर्षमा के गर्ने योजना छ ?**

मेरो पालिकामा करिब ८०-८५ प्रतिशत जनता कृषिमा आधारित छन्। धेरैको मुख्य पेसा नै कृषि हो। त्यसैले म कृषिमा विशेष जोड दिएको छु। पहिलादेखि नै कृषिमा जोड दिँदै आएको हुँ। यसपटक पनि विशेष जोड त्यसैमा दिएको छु। कृषिको मुख्य लक्ष्य आत्मनिर्भर बनाउनु नै हो। यहाँका नागरिक कृषि कर्म त गर्छन् तर आत्मनिर्भर छैन कतिपय किसानले उत्पादन गरेको वस्तु वर्षभर पनि खान पुगिरहेको छैन। त्यसलाई वर्षभर खान पुग्न र अरु बाँकी बेचबिखन कसरी गर्ने आय आर्जन कसरी त्यसमा पनि जोड दिएको छु। वर्षेपिच्छे वर्षामा आयको कमीका कारण किसानहरुले लगाएको बालीमा सिचाइको समस्याले गर्दा उत्पादनमा ह्रास आइरहेकोले विद्युतीय सिचाइको व्यवस्था मिलाउनुका साथै वर्षाको पानीलाई संकलन गर्न आवश्यक नीति लिएको छ।

त्यस्तै कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि पकेट क्षेत्र निर्धारण गर्ने र त्यसको आधारमा किसानलाई अनुदानको व्यवस्था गर्ने नीति लिएका छौं। त्यसबाहेक शिक्षा, स्वास्थ्यमा पनि पालिकाले विशेष महत्व दिएको छ। मृगौला बिग्रिएको विरामीहरुको लागि यसै वर्षदेखि डायलसिस सेवा सुचारु गरिने छ। साथै एक्सरे, इसीजी, भिडियो एक्सरे सुपथ मूल्यमा उपलब्ध गराउने नीति लिएका छौं। नगरपालिकाभित्र दुईटा निशुल्क ल्याब सञ्चालनमा छन् त्यो निकै प्रभावकारी भएको छ त्यसलाई निरन्तरता दिने भएका छौ। निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिएका छौं। पाँच कक्षासम्म स्थानीय भाषामा पठन पाठन गराइने नीति लिएका छौं। हाल एक वटा सामुदायिक विद्यालयमा प्राविधिक विषयको कक्षा सञ्चालन हुँदै आइरहेकोमा आगामी शैक्षिक सात्रदखि भोला माविमा कम्प्युटर साइन्स र नेपाल राष्ट्रिय माविमा कृषि सम्बन्धी अध्ययन अध्यापन गराउन नीति बनाएका छौ। यसरी अगामी आर्थिक वर्षका लागि विभिन्न नीति बनाएका छौं र त्यसका लागि वजेटको पनि व्यवस्था गरेका छौं।

**यो गर्छु भन्नुएको छ, गरेर के के आउनु भएको छ त ?**

थुप्रै कामहरु भएका छन्। सबभन्दा पहिले त नगरपालिकाले आफ्नै भवन सञ्चालनमा ल्याइसकेको छ। चिडियाखाना व्यवस्थापनको काम पनि अगाडि बढीसकेको छ। ६०० मेट्रिकटन क्षमता भएको शितभण्डार निर्माणका लागि टेण्डन आह्वान भइसकेको छ। विद्यालयमा शिक्षकहरुले गर्ने लापरवाहीलाई मध्येनजर गर्दै प्रत्येक सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी जडान गरिएको छ। चिकित्सा शास्त्र एमबीबीएस र बीडीएस अध्ययनका लागि पूर्ण छात्रवृतितर्फ नाम निकाल्न सफल भएका यस नगरपालिकाका पाँच जना विद्यार्थीहरुलाई सामान गरी एकलाख रुपियाँ दिएर पुरस्कृत गरिएको छ। यसले गर्दा अरु विद्यार्थीहरुमा पढाइप्रति आकर्षण बढोस्। गढीमाइ महेन्द्र प्राविधिक नमुना माविमा अंग्रेजी माध्यममा अध्ययन अध्यापन कार्य सुरु गरिएको छ। गरिबी निवारण कार्यक्रम अन्तरर्गत समूहमा आवद्ध २५६ जना महिलाहरुलाई सीपमुलक तालिम दिइ आय आर्जनका क्रियाकलापमा सहभागी गराई उद्यमशिलता तालिम दिइ आय आर्जनका क्रियाकलापमा सहभागी गराएर आत्मनिर्भर बनाइएको छ। यस्ता थुप्रै महत्वपूर्ण कार्यक्रम गरेका छौं जो नमुनाको रुपमा लिन सकिन्छ।

**अनि निर्वाचनमा तपाईले गरेको प्रतिवद्धता यसले पुरा हुन्छ त ?**

-मैले निर्वाचनअघि यहाँको बासिन्दाको आर्थिक उन्नती गर्ने, सुशासनको अनुभूति दिलाउने, रोजगारी सिर्जना गर्ने, स्वास्थ्यको स्थिति सुधार गर्ने, गढीमातालाई विश्व सम्पदामा सूचीकृत गराउने, किसानको लागि खेतखेतमा पानी पुऱ्याउने र यहाँको वातावरण स्वच्छ बनाउने प्रतिवद्धता गरेको थिएँ। त्यो अनुसार काम गरेको छु नपत्याए तपाईहरु पनि अनुगमन गरेर हेर्न सक्नु हुन्छ। अहिले किसानको लागि पासाहा सिञ्चाइ आयोजना अन्तिम चरणमा पुगेको छ। यसका साथै जोकहा बाँधपैन तीन चार पटक मैले बाँधेर सिँचाइ गराएको छु। यस पटक विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी पक्की सिँचाइ आयोजनाको कार्य अगाडि बढाएको छु। थल्ही र आचला सिँचाइ आयोजनाको कार्य अगाडि बढाउँदै छु।

विद्युतीय मिटरको सम्पूर्ण बिलको रकम पालिकाले ब्यहोर्दै आएको छ। शिक्षा स्वास्थ्य तथा वेरोजगारीको क्षेत्रमा पनि थुप्रै काम भएका छन् जो मैले चुनावको समयमा प्रतिवद्धता गरेर आएका थिए। अरु पनि कामहरु गर्न बाँकी छ म आफ्नो कार्यअवधीमा सबै प्रतिवद्धता पुरा गर्छु।

**यो तपाईले भन्ने कुरा हो तर तपाईको कामबाट जनता कति सन्तुष्ट छन् त ?**

-यो कुरा त तपाईले जनतासँग सोध्नुपर्ने हुन्छ। पहिलो कुरा त हाम्रो हातमा पाँच वटा औंला छन्। ती सबै औला बराबर छैनन्। आफ्नै परिवारका सबै सदस्यलाई सन्तुष्ट बनाएर राख्न सकिदैन। समाजमा विविधखालका व्यक्तिको बसोबास हुन्छन्। सबैलाई एकैखालको सन्तुष्टि दिन सकिदैन। तर समग्रमा कुरा गर्ने हो भने जनता खुशी छन् मेरो कामबाट सन्तुष्ट छन्। चुनावको समयमा मैले जे जे प्रतिवद्धता गरेका थिए। त्यो पुरा गर्दै आइरहेको छु। जनताको दैनिक आवश्यकता तथा समस्या समाधानका लागि पालिका हरहमेशा उभिएको छ। एउटा अभिभावकको भूमिका निभाउनमा कुनै कसर बाँकी राखेको छैन। तर म फेरि भन्छु, सबैलाई एकनाशले सन्तुष्ट बनाउन सकिदैन। कुनै व्यक्ति विरोध गर्नका लागि नै जन्मेको छ भने त्यसलाई जे गरेर पनि सन्तुष्ट गराउन सकिदैन।

**बारामा गढीमाइको मेला एकदमै परचलित मेला हो। यसपटक मेला लाग्दैछ, त्यसका लागि के के योजना बनाउनु भएको छ ?**

श्री गढीमाइ मन्दिर परिसर सौन्दर्यकरण कार्यलाई अगाडि बढाइएको छ। त्यसको परिसरमा अवस्थिति सुर्य मन्दिरको डिपीआर अनुसारको निर्माणका टेण्डर प्रकृया अगाडि बढी सकेको छ। गढीमाइ मन्दिरलाई थप आकर्षक बनाउन विज्ञको परामर्शमा आवश्यक निर्माण प्रकृया अगाडी बढाउने योजना बनाएको छु। मन्दिर विकास गुरुयोजना तयारी गरी विश्वसम्पदा सुचीमा आवद्ध गर्न आवश्यक पहल गर्ने सोच बनाएको छु। गढीमाईको पञ्चवर्षीय मेलाको तयारीमा हामी लागेका छौं। अधिक पशुबलि दिइने मन्दिर भनेर यो मन्दिर देश विदेशमा प्रख्यात छ। गढीमाताको दर्शन गर्न पर्यटक भित्राउने योजनाहरु हामीसँग थुप्रै छन्। पशुपति विकास कोष जस्तै मोडेल ल्याएर कानुन निर्माण गरी सोही बमोजिम कर्मचारी राखेर नीतिगत कार्य सञ्चालन गर्ने योजना छ।

**संघ तथा प्रदेश सरकारसँग कस्तो समन्वय भइरहेको छ ?**

देशमा राजनीतिक स्थिरता नरहेकाले संघ र प्रदेश सरकारसँग जसरी सौहार्द किसिमको सहकार्य हुनु पर्ने हो त्यो हुन नसकिरहेकै हो। सहयोगभन्दा पनि बेलाबेलामा अप्ठ्यारो पार्ने काम नै गरिरहेको हुन्छ। संघ र प्रदेश हाम्रो लागि साधन स्रोत उपलब्ध गराई दिएर हरेक कुरामा सहजीकरण गरि दिनुपर्ने हो तर प्रायः त्यस्तो देखिदैन।  जहाँ आवश्यकता नै छैन त्यहाँ विद्यालय निर्माण भइरहेको छ जहाँ बन्नुपर्ने थियो, त्यहाँ बनिरहेको छैन। प्रदेश र सङ्घीय सरकारबाट हुनुपर्ने विकासमा स्थानीयतहसँग समन्वय नै नगरी मनपरी ढंगबाट गरिँदा राष्ट्रिय स्रोत साधनको दुरुपयोग भइरहेको मैले महसुस  गरेको छु। बिना कमिशन कुनै पनि काम गर्दैनन्। कमिशनमा लिप्त रहेको कारण आफू अनुकूल ब्यक्ति तथा ठेकेदारबाट २० प्रतिशत कमिशनमा विकासका काम बेचिने गरेका छन्। हाल गढीमाई मन्दिरमा विकास गर्न प्रदेश सरकारबाट पेपरमा लुकाएर ३० करोड रुपियाँको टेण्डर भएको छ। भौतिक पूर्वाधार कार्यालयले कागजमा लक्षित गरी कमाउने उद्देश्यले कार्यक्रम अगाडि बढाएको छ। पहिलादेखि ढलान रहेको तथा ग्राभेल रहेको ठाउँमा फेरि ग्राभेल गर्न टेण्डर गरिएको छ। यस्तो प्रवृत्तिले कसरी काम हुन्छ, कसरी समन्वय हुन्छ तपाई आफै भन्नुस् त।

**यस्ता कामहरु रोक्ने प्रयास तपाईले गर्नुभएको छैन ?**

रोक्ने प्रयास किन नगर्नु तर संघ तथा प्रदेशका नेता, सांसद, मन्त्रीहरु आफूलाई सबैभन्दा सर्वश्रेष्ठ मान्छन्। आफूभन्दा अरुलाई कहिले गिन्दैनन्। आफूले जे गरेको छु त्यो ठिक, अरुले गरेको गलत हो भनि मानसिकता उनीहरुमा देखिन्छ। त्यही भएर काम गर्न गाह्रो भइरहेको छ। अर्को कुरा यो गठबन्धनको राजनीतिले धेरै कुरा बिगारेको छ। ठेक्का पट्टा, टेण्डर, योजना नीतिहरु सबै गठबन्धनकै आधारमा हुन थालेका छन्। यो मेरो गठबन्धनको मान्छे हो, त्यसलाई काम दिनुपर्छ गठबन्धनबाहिर जानु हुँदैन जस्ता निर्देशन आइरहेका हुन्छन्। त्यसले झन बिकृति बढेका छन्। मेरो विचारमा हरेक क्षेत्रमा राजनीति गर्नु हुँदैन। कुनै यस्ता क्षेत्र छन् जसलाई राजनीतिभन्दा टाढा राख्नुपर्छ र सबै मिलेर त्यसलाई समृद्ध गर्नुपर्छ।

**गठबन्धन त तपाईको दल काँग्रेसले पनि गरेको छ नि ?**

मैले यो पार्टी वा त्यो पार्टीलाई भनेको छैन। म समग्र बेथितीको बारेमा कुरा गरेको हुँ। गठबन्धन गर्नु गलत होइन तर हरेक कुरामा त्यो लागु हुँदैन। विकास निर्माण जस्ता काम, जनतासँग सरोकार राख्ने विषयवस्तुलगायतमा गठबन्धनको राजनीति गर्नुहुँदैन। त्यसमा स्थानीय तहमा त यस्ता राजनीति नै हुनुहुँदैन। ठिक छ चुनाव लड्नेसम्म ठिक छ। तर चुनाव सम्पन्न भएपछि आआफ्नो तरिकाले काममा लाग्नुपर्छ। जनताको सेवामा सक्रिय हुनुपर्छ त्यो मेरा चाहना हो। अब विद्यालयमा शिक्षक नियुक्ति गर्नुपरेको छ। विज्ञापन गरेर दक्ष शिक्षक ल्याउनुपर्छ तर विज्ञापन गर्ने बित्तिकै प्रेसर आउन थाल्छन्। यो त हाम्रो पार्टीको हो, हाम्रो गठबन्धनको हो, यसलाई हुनुपर्छ भएन भने गठबन्धनमा नै असर पर्छ जस्ता दबाव आउन थाल्छन्। अब तपाई नै भन्नुस् त्यसरी आउने शिक्षकबाट विद्यार्थीले कस्तो शिक्षा  पाउछन्। यस्ता समस्या हरेक सेक्टरमा छन्।

# जहाँ स्तनको पनि बुझाउनु पर्थ्यो कर,

तपाईले नंगेलीको नाम पक्कै पनि सुन्नुभएको होला । भारतको केरलाको साहसिक महिला जसले 'स्तन कर' प्रथाको विरोधमा आफ्नो स्तन काटेर केराको पातमा सजाएर सरकारी कर्मचारीलाई पेस गर्नुभएको थियो । स्तन छोप्ने अधिकार माग्दा नदिए पछि आफ्नो स्थान नै काटेर सरकारी अधिकारीलाई सुम्पिनु भएको थियो । त्यतिबेला दक्षिण भारतको यो क्रुर प्रथाको विरुद्धमा आवाज उठाउने नंगेली मात्र हुनु हुन्थेन । सैयौं तथाकथित 'तल्लो जात' का महिलाहरु पनि त्यसको विरुद्धमा थिइन् । आफ्नो शरीरलाई कपडाले छोप्ने अधिकारका लागि उनीहरु आफ्नो ज्यानसम्म पनि दिइन् । त्यहीं सघर्षको नाम थियो, 'चन्नार क्रान्ति'

यो क्रान्तिको चर्चा अहिले पनि भारतलगायत विभिन्न देशमा हुने गरोके छ । उच्च जातले साना जातमाथि कसरी व्यवहार गर्छन् भन्ने कुराको उदाहरण दिनुपरे केरलाको चन्नार क्रान्तिको उदाहरण दिने गरेको छ । उच्च जाती र तल्लो जातिलाई छुट्याउनका लागि त्यहाँ दलित पुरुष वा महिलालाई तल्लो भागमा मात्र लुगा लगाउन दिइन्थ्यो । त्यसले मात्र पहिचान हुन्थ्यो कि उनीहरु तल्लो जातका हुन् । यसको बिरुद्धमा ठूला ठूला आन्दोलन भए, धेरै महिलाले ज्यान गुमाउनु पर्‍यो । कतिपय महिला त्यहाँको पिडा सहन नसकेर भागेर श्रीलंका गएको पनि प्रमाणहरु भारतीय सञ्चारमाध्यममा दिएको छ । यद्यपी भारतमा अझै पनि यो क्रान्ति अर्थात स्तन करको बारेमा बहस हुँदा पक्ष र विपक्षमा बहस हुने गरेको छ । अधिकाँशले यो सही घटना हुन् यसका थुप्रै प्रमाणहरु छन् भन्छन् भने कतिपयले यो एउटा कथा हो, कुनै समयमा एउटा पत्रकारले कथाको रुपमा लेखेका थिए । त्यो अरु अरुले सम्भार गर्दै गएपछि सत्य जस्तै भएको भन्ने गरिन्छ । तर भारतमा अहिले पनि नंगेलीको सम्झनामा कार्यक्रम हुने गरेको छ । अधिकारवादी महिलाहरुले गर्वका साथ कार्यक्रमहरु गर्ने गरेका छन् । एउटा पत्रकारले एक अनलाइनमा आफू नंगेनीका परिवारलाई भेटेकोसम्म लेखेका छन् ।




**नंगेलीको क्रान्ति**

'नंगेलीको घटना एक डेढ सय वर्ष पुरानो हो तर आज पनि हाम्रो समाजका लागि सान्दर्भिक देखिन्छन् किनभने अहिले पनि यस्ता थुप्रै प्रथाहरु छन् जसका लागि डर लाग्दो संघर्ष गर्नु परिरहेको छ । ४ अप्रिल १८८७ मा जन्मनु भएका नंगेली आफ्नो पति चिरुकन्दनसँग केरलाको चेरतलामा बस्दै आउनु भएको थियो । उहाँका आमा बुवा अर्काको खेतमा मजदुरीको काम गर्नुहुन्थ्यो । नरीवल पानीको बेचेर गुजार गर्नुहुन्थ्यो । सन् १८०० मा शाही शासन थियो, र त्यतिबेला धेरै प्रकारका करहरू संकलन हुन्थ्यो । यी 'कर' उनीहरुको आम्दानीमा नभई ' तल्लो जात' अर्थात् दलितमाथि शोषणमा केन्द्रित थिए । ब्राह्मण जाति र अन्य धेरै तथाकथित उच्च जातिहरूले विशेषाधिकारले भरि पूर्ण जीवन बिताए र उच्च र निम्न बीचको भेद कायम राख्दै विभिन्न 'कर' पनि लगाइयो ।


'नंगेलीको आफन्त'

तर कर तिर्ने अवस्था दलितहरुसँग थिएन । स्तन छोपेपछि कर दिनै पर्थ्यो, त्यसमा पनि स्तनको आकार अनुसार कर दिनुपर्थ्यो । जसको जति ठूलो स्तन त्यति बढी कर तिर्नुपर्थ्यो त्यसले गर्दा दलित महिला निकै पिडित थिए । न्युनतम २५ रुपियाँ (भारु) तिर्नु पर्थ्यो । स्तन छोपे वापतको कर सरकारलाई बुझाए पछि हातमुख जोड्न पनि समस्या हुन्थ्यो । यो अन्यायको विरुद्ध नंगेलीमो मनमा आगो दन्किरहेको थियो । यसको विरोध गर्नुपर्छ भनि उहाँले स्तन छोपेर हिड्न थाल्नुभयो । त्यो संघर्षमा उहाँका श्रीमानले पनि साथ दिनुभएको थियो ।

नंगेली एझावा (भारतका एक जाती) जातका हुनुन्थ्यो । उहाँहरुको समुदाय र अन्य तल्लो जात जस्तै थिया, नाडर र दलित समुदायले पनि यो कर तिर्नु परेको थियो । यसलाई 'मुलाकरम' पनि भनिन्थ्यो । कपडामा सामाजिक चलनहरू एक व्यक्तिको जातीय स्थितिसँग मेल खान्छ । जसको मतलब तिनीहरूले लगाउने लुगाबाट नै उनीहरुको पहिचान गर्न सकिन्छ । यसरी स्तन करको उद्देश्य जातीय संरचना कायम राख्नु थियो । ५५० राज्यहरुमध्ये त्रावणकोरको रियासत (जो ब्रिटिश शासनमा आएको थियो) ले पनि यो कर लगाएको थियो ।

नंगेलीले यसको चर्को विरोध गर्नुभयो । उहाँको विरोध गर्ने तरिका आफ्नो स्तन नदेखाई आफ्नो शरीर छोप्ने थियो । यस्तो कर संकलन ब्राह्मण पितृसत्तालाई झल्काउँछ कि ब्राह्मण महिलाहरूले मात्र आफ्नो शरीर ढाक्न आवश्यक थियो र अन्य महिलाहरूलाई आफ्नो शरीरमा कुनै अधिकार छैन । तर नंगेलीले यसको विरोध गर्दै यो शरीर उनको हो भने नियम पनि उनको हुन्छ र यसलाई छोप्ने रहर पनि उनको हुन्छ भन्ने




प्रमाणित गर्नुभयो । त्यो हिम्मत त्यतिबेला अतुलनीय थियो ।

**स्तन काटेर कर दान**

नंगेलीले आफूलाई ढाकछोप गरेर तथाकथित उच्च जात, समुदाय र मनुवादी संरचनाका जनतालाई चुनौती दिई कुनै पनि हालतमा कर तिर्न इन्कार गरिरहनु भएको थियो । यो कुराको जानकारी शासकहरूका कर संकलन अधिकारीहरूले थाह पाए । ती अधिकारीहरु कर उठाउनका लाीग नंगेलीको घरमा गए । स्तनमा कर लगाउन अधिकारीहरु विहानै नंगेलीको घर पुगेका थिए । नंगेलीको स्तनको मापन गरे । सो माप अनुसार नंगेलीले दुई हजार रुपियाँ (भारु) तिर्नु पर्थ्यो । सरकारी अधिकारीले भन्नुएको थियो, 'तपाई धेरै दिनदेखि यसको कर तिर्नुभएको छैन सबै हिसाब गरेर दुई हजार तिर्नुपर्छ । यो तिर्नका लागि तपाई, तपाईका श्रीमान र सबै जग्गा जमिन बिक्रि गरेपनि तिर्न सक्नु हुन्न अब के गर्नुहुन्छ ।' नंगेली कुनै पनि हालतमा त्यो रकम तिर्ने पक्षमा हुनुहुन्थेन । बरु बिद्रोह गर्छु तर स्तनको कर तिर्दिन भने पक्षमा हुनुहुन्थ्यो । अधिकारीले तोकेको कर नंगेली तिर्न अस्वीकार गर्नुभयो ।

तैपनि अधिकारीले मान्नुभएन । स्तनको कर तिर्नुस् या यसलाई नाङ्गै राख्नुस् भनि अधिकारीहरुले दबाव दिनुभयो । त्यसपछि ती अधिकारीहरुलाई एकछिन बस्दै गर्नुस् म आउछु भनेर घरभित्र जानुभयो । घरमा गएर शिव भगवानको अगाडि दीप जलाउनु भयो र आँगनमा गएर केराको बोटबाट पात काट्नु भयो र त्यस पातमा आफ्नो दुईटै स्तन कोटेर राख्नुभयो । रगतले लतपतिदै नंगेली अधिकारीको अगाडि काटिएको स्तन करको रुप दिँदै भुइमा लड्नुभयो । भुइँमा लडेर बेहोस हुनुभएको नंगेलीको अत्याधिक रक्तश्रावका कारण सोही दिन निधन भयो । नंगेलीको श्रीमान चिरुकन्दनले यो अनन्त दु:ख सहन नसकेर नंगेलीको जलिरहेको चित्तामा हाम फालेर आफ्नो पनि ज्यान दिनुभयो । नंगेलीको

# नंगेलीले बिद्रोहमा काटे आफ्नै स्तन

सम्झनामा सो ठाउँको नाम मुलछिपुरम अर्थात 'स्तनको ठाउँ' राखिएको थियो । तर समयसँगै नंगेलीको परिवार त्यहाँबाट सरेपछि सो ठाउँमा परिवर्तन गरेर मनोरमा जंक्शन राखेको छ ।

**करको विरुद्ध बिद्रोह**

कुरा १९औं शताब्दीको हो । दक्षिण भारतको त्रावणकोर राज्य जसलाई अहिले करेलाको नामले चिनिन्छ । त्यहाँ 'तल्लो जात'का महिलालाई आफ्नो स्तन छोप्ने अनुमति थिएन । नाङ्गो छातीलाई गुलामको रुपमा दासत्वको रुपमा लिइन्छ । त्यहाँ 'तल्लो जात' का पुरुषलाई पनि





लुगा लगाउन अनुमति थिएन । र महिलाले पनि माथिल्लो शरीरको भागलाई नाङ्गो राख्नु पर्थ्यो । यहाँसम्म कि 'माथिल्लो जात' का महिलालाई पनि आफ्नो श्रीमानको अगाडि लुगा लगाउने अनुमति थिएन अर्थात श्रीमानको अगाडि नाङ्गै रहनु पर्थ्यो । अरु ठाउँमा उसले लुगा लगाए फरक पर्दैन्थ्यो तर श्रीमानको अगाडि नाङ्गै रहनु पर्थ्यो । त्यहाँ कुनै दलित युवतीको स्तन निस्केपछि त्यसको परिवारले तत्कालिन सरकारलाई 'स्तन कर' तिर्नु पर्थ्यो ।

सन् १८१३ मा यसको विरोध सुरु भयो । त्रावणकोरका दलितहरूमध्ये मुख्य दुई जातहरू 'एरावा' र 'पन्नयेरी नाडर' हुन् । यी दुई जातका महिलाहरू 'कुप्पैम' लगाउन दिनुपर्ने माग गर्दै सडकमा उत्रिए । 'कुप्पयाम' एक प्रकारको माथि लगाउने लुगा हो । जुन मुस्लिम र ईसाई महिलाहरूले लगाउने गर्थे । उनीहरुले कुप्प्याम बाहेक उच्च जातका महिलाले लगाउने सबै प्रकारका लुगा लगाउन दिनु पर्ने पनि माग गरेका थिए । उनीहरु पाँच वर्षसम्म आफ्नो अधिकारको माग गरिरहे तर त्यसको असर त्यति चाँडो देखिएन । सन् १८१९ मा त्रावणकोरका महाराजा, मूलम तिरुनाल राम वर्माले दलित महिलाहरूलाई लुगा लगाउने अधिकार नभएको भनी आदेश जारी गर्नुभएको थियो । त्यसबाट आन्दोलनकारी महिलाहरु निराश भएका थिए । तर हिम्मत हारेनन् । महिलाहरु आफ्नो अडानमा अडिग रहे र आन्दोलन जारी राखे । यसको नतिजा अर्को वर्ष आयो । सन् १८२० मा त्रावणकोरको दरबारमा बेलायती देवान (मुख्य व्यक्ति) कर्नल जोन मुनरोले क्रिस्चियन धर्म परिवर्तन गरेका सबै दलित महिलाहरूलाई लुगा लगाउन अनुमति दिनुभयो ।

**स्तन छोप्न धर्म परिवर्तन**

कर्नल जोनको यो आदेशले राज्यसभामा हंगामा मच्चायो । दलित महिलाले लुगा लगाउन थालेमा दलित र उच्च जाति छुट्याउन गाह्रो हुने, समाजका लागि हानिकारक हुने उच्च जातिय सभासदहरुले यसको कडा निन्दा गर्नुभएको थियो । त्यसपछि त्यो आदेश फिर्ता लियो । त्यसपछि ती आन्दोलनकारी महिलामाथि ठूलो दमन भयो । नराम्ररी शारीरिक दुरव्यवहार गरियो । तर आन्दोलन रोकिएको थिएन । सन् १८२२ मा कर्नल जोनले फेरि यो आदेश जारी गर्नुभयो । यस पटक उहाँले उच्च जातकाहरुको गुनासोको बाबजुद पनि आदेशलाई जारी राख्नुभयो । महिलाहरूले आफ्नो शरीर ढाक्ने अधिकार प्रयोग गर्न ईसाई धर्म परिवर्तन गर्न थाले र उनीहरूले प्रत्येक दिन उच्च जातका मानिसहरूबाट शारीरिक र मानसिक यातना सहन बाध्य भएका थिए ।



सन् १८२९ देखि हिन्दु दलित महिलाहरु धर्म परिवर्तन भएका इसाई महिलाहरु संगै बिद्रोहमा सामेल हुन थालिन् । उनीहरु पनि आफ्नो स्तन ढाकेर मन्दिर जान थालिन् र शारीरिक आक्रमणको जवाफ पनि दिन थालिन् । उच्च जातिहरूले यसका लागि क्रिश्चियन मिसनरीहरूलाई दोष दिन थाले । 'यो हिन्दू समाजलाई नष्ट गर्ने र हिन्दुहरूलाई इसाईकरण गर्ने षड्यन्त्र हो, भन्दै उनीहरुले यी महिलाहरूलाई दबाउन कुनै कसर बाँकी राखेनन् । त्यसपछि हिंसा झन बढ्दै गयो र त्यही अनुसार बिद्रोह पनि चर्किंदै गयो ।

सन् १८५८ मा त सीमा नै नाध्यो । माथिल्लो जातका पुरुषहरूले बीच बाटोमा भालाले महिलाको कुप्पायम (लुगा) निकालेर फ्याल्न थाले । एक सरकारी कर्मचारीले त आफ्नै हातले दुई नाडर महिलाको कुप्पायम च्याते । ती दुवै महिलालाई बाँधेर रुखमा झुण्ड्याए । यो धैर्यताको अन्तिम परीक्षा थियो जसमा दलित समुदायले निकै उग्र प्रतिक्रिया दिए । उच्च जातिमाथि आक्रमण हुन थाले । आगजनी भयो । पूरै वस्ती जलाइयो । अब सरकारले यसलाई बेवास्ता गर्न मिल्दैन । त्रावणकोरका राजाले मद्रासका गभर्नरबाट यो हिंसालाई जतिसक्दो चाँडो रोक्न आदेश दिनुभयो ।

**पाए स्तन छोप्ने अधिकार**

बावमा आएर त्रावणकोरका राजाले सबै दलित महिलाहरूलाई आफ्नो स्तन छोप्ने अधिकार दिनुभयो । यो आदेश २६ जुलाई १८५९ मा दिनुभएको थियो । तैपनि दलित महिलाहरूलाई कुप्प्याम वा माछा मार्ने समुदायले लगाउने लुगाले मात्र ढाक्ने अनुमति दिएको थियो । सन् १९१५ वा १९१६ मा मात्रै उच्च जातका महिलाले जस्तै साधारण लुगा लगाउन पाउने अधिकार उनीहरुले पाइन् । त्रावणकोरका दलित महिलाहरूले आफ्नो शरीर ढाक्ने जस्ता सामान्य कुराको लागि वर्षौंसम्म संघर्ष गर्नुपरेको थियो तर इतिहासमा त्यो सम्मान पाएनन् जो पाउनु पर्ने थियो । त्यसैगरी यी महिला र उनीहरुको संघर्षको बारेमा धेरै कमलाई थाहा छ ।

**पाठ्यपुस्तकबाट हटाइयो**

यसको बारेमा पाठ्यपुस्तकमा पनि पढाई हुन्थ्यो तर सन् २०१६ मा राष्ट्रिय शैक्षिक अनुसन्धान र प्रशिक्षण परिषद्ले विद्यालयको पाठ्यपुस्तकबाट त्यसलाई हटाउने काम गर्‍यो । किनभने कुनै पनि हिन्दू विरोधी अध्याय राख्नु वर्तमान सरकार माथि प्रष्ट हमला हुने आम बुझाइ रहेको छ । यसरी विरोधको यो साहसी घटनालाई इतिहासमा पनि स्थान दिन मानेको देखिदैन । तर नंगेलीको विरोध अझै पनि उनको समुदाय र जातका महिलाहरूको हृदयमा गुन्जिरहेको छ । नंगेलीको त्यो साहस भारतमा मात्र होइन, विश्वमै चर्चा भइरहेको छ । जसले आफ्नो पहिचानको लागि आफ्नो ज्यान मात्र दिएनन्, उनीजस्ता अन्य महिलाहरूलाई पनि यो अपमानबाट बचाइन् । ब्राहमणवादी सोच, पितृसतात्मक व्यवस्थाका जो विरोधी छन् त्यसले अवश्य यो घटनालाई स्मरण गर्न चाहन्छन् । नंगेलीको यो घटनालाई चन्नार क्रान्ति पनि भनिन्छ । भारतमा भएको यो चन्नार क्रान्तिले धेरै कुराको सन्देश दिएको छ । यसखालको विभेद भारतमा मात्र होइन, विश्वका धेरैजसो मुलुकमा रहेका छन् । नेपालमा पनि आदिवासी जनजाति महिलामाथि यस्तो विभेद भएको इतिहासमा पढ्न पाइन्छ । दलित, अल्पसंख्यक र महिलामाथि समाजले के कस्ता अत्याचार गरेको छ र क्रान्तिले समाजमा कसरी सुधार आएको छ भन्ने कुरा चन्नार क्रान्तिले सिकाएको छ । चन्नार क्रान्ति हामी सबैका लागि एउटा उदाहरण हो, जसले गर्दा उत्पीडन विरुद्धको हाम्रो आवाज चर्को होस् ।





*(भारतका विभिन्न सञ्चारमाध्यमका सहयोगमा तयार पारिएको हो-सम्पादक)*

# इट्टा भट्ठाका कारण थारु बालबालिकाको पढाई प्रभावित




कैलालीको टीकापुरस्थित शक्तिदेवी आधारभूत विद्यालयमा कक्षा २ मा अध्ययनरत रविका चौधरी बुवाआमासँगै इँटाभट्टामा जानुहुन्छ । आठ वर्षीया रविकाले बुवाआमाले इँटाभट्टामा काम गरिरहँदा दुई वर्षीय भाइ स्याहार्नुहुन्छ । उहाँले गत वर्ष सात महिना इँट्टाभट्टामा बसेकाले परीक्षा नै दिन पाउनुभएन ।

अहिले पनि रविका कक्षा २ मा अध्ययन गरिरहनु भएको छ । उहाँले अब तीन महिनामात्र विद्यालयमा पढ्न पाउनुहुन्छ । “इँट्टाभट्टामा काम गर्ने अभिभावकका बालबालिका जेठमा विद्यालय आउँछन् । त्यसपछि केही दिन बर्खे बिदा हुन्छ”, अभिभावक मीना चौधरीले भन्नुभयो, “त्यसपछि दसैँ बिदा हुन्छ । दसैँ मनाएर अभिभावकसँगै बालबालिका इँट्टाभट्टामा जान्छन् । त्यहाँ पढ्ने वातावरण नै हुँदैन ।” इँट्टाभट्टामा काम गर्नु अभिभावकको बाध्यता रहेको उहाँको भनाइ छ ।

बालबालिकाको जीविकोपार्जन गर्न टीकापुरका सैयौँ अभिभावकले इँट्टाभट्टामा काम गर्छन् । बुबाआमा दुवै इँट्टाभट्टामा गएपछि बालबालिका पनि सँगै जान्छन् । टीकापुरको विजयनगर बस्तीकी हिमानी थारूका दम्पती लामो सयमदेखि इँट्टाभट्टामा काम गर्दै आउनुभएको छ । हरेक वर्ष सात महिना इँट्टाभट्टामा बस्ने उहाँहरूको बाध्यता हो । काम गर्दा दुई बालबालिका पनि सँगै लैजानुहुन्छ । घरमा बच्चा स्याहार्ने मानिस नभएकाले बालबालिकासँगै लैजानुपर्ने बाध्यता रहेको हिमानीको भनाइ छ ।

इँट्टाभट्टामा लैजाँदा बच्चाको पढाइ बिग्रन थालेको उहाँले बताउनुभयो । “बच्चा पढाउने मन त छ तर के गर्नु बाध्यताले मिल्दैन”, उहाँले भन्नुभयो, “बच्चाको भविष्य बिग्रेको थाहा हुँदाहुँदै पनि गरिबीले केही गर्न सकिएको छैन ।” शक्तिदेवी आधारभूत विद्यालयका शिक्षक कल्पना खड्काले विद्यालयमा ३० देखि ४० जना बालबालिका अभिभावकसँगै इँट्टाभट्टामा जाने गरेकाले पढाइ प्रभावित हुँदै गएको बताउनुभयो । “आमाबुबाले आफूसँगै बच्चा लैजान्छन्, यसरी गएका बालबालिका कोही पछि परीक्षा दिन आउँछन्, कोही आउँदैनन्”, उहाँले भन्नुभयो, “असोजदेखि जेठसम्म बालबालिका दुई-तीन महिनामात्रै पढेको कुरा बिर्सन्छन् । अनि वर्षौँसम्म एउटै कक्षामा दोहोरिएर पढ्ने गरेका छन् ।”

टीकापुरको मुक्तकमैया आधारभूत विद्यालयका प्रधानाध्यापक राजाराम ढकालले विद्यालयका ४० जनाभन्दा बढी बालबालिका बुबाआमासँग काममा जाँदा पढाइमा असर पर्ने गरेको बताउनुभयो । “बालबालिका आमाबुबासँगै जाने, ठूला बच्चाले साना बच्चा स्याहार्ने वा बुबाआमाको काममा सघाउने गर्छन्”, उहाँले भन्नुभयो, “बालबालिकाको पढाइ प्रभावित भएकाले सिकाइ सुधार गर्न थप कक्षा सञ्चालनको पहल थालेका छौँ । एउटा संस्थासँग सहकार्य गरेर थप कक्षा सञ्चालन गर्ने तयारी भइरहेको छ । यस्ता बालबालिकाको शिक्षामा पालिकाले पनि ध्यान दिनुपर्छ ।” एक सय ५१ विद्यार्थी रहेको मुक्तकमैया विद्यालयमा ४० भन्दा बढी बालबालिकाको पढाइ अनियमित हुने गरेको ढकालको भनाइ छ । “बालबालिकाले पढ्न पाउनु उनीहरुको नैसर्गिक अधिकार भए पनि गरिबीका कारण अभिभावकले पढाइमा ध्यान दिन सकिरहेका छैनन्”, उहाँले भन्नुभयो ।

टीकापुर नगरपालिकाका शिक्षा अधिकृत नरेश अवस्थीले टीकापुरमा यस्तो समस्या देखिएकाले केही वर्षदेखि यसलाई रोक्ने प्रयास भइरहेको बताउनुभयो । “अभिभावकलाई सचेत गर्ने र बालबालिकालाई विद्यालय पठाउँदा बालश्रम रोकिन्छ भनेर जानकारी दिने काम गरिरहेका छौँ । दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्ने अभिभावकका लागि अभिभावक शिक्षा, आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने तयारी भइरहेका छन्”, उहाँले भन्नुभयो, “बालबालिकाले इँट्टाभट्टामा काम गर्न वा अभिभावकसँगै जानु नपरोस् भनी प्रयास गरिरहेका छौँ, हालसम्म रोक्न भने सकिएको छैन ।”

# मनसुनमा सबभन्दा बढी मधेश र कोशी प्रभावित हुने

यसवर्षको मनसुनमा कोशी प्रदेश र मधेश प्रदेश बढी प्रभावित हुने अनुमान गरिएको छ । गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबैभन्दा बढी कोशी र त्यसपछि मधेश प्रदेश प्रभावित हुने अनुमान गरेको हो । तेस्रोमा लुम्बिनी पनि प्रभावित हुने प्राधिकरणको अनुमान छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले मनसुन अवधिमा कोशीमा एक लाख १३ हजार परिवारका झण्डै पाँच लाख मानिस विपद्बाट कुनै न कुनै रुपमा प्रभावित हुने अनुमान गरिएको जानकारी दिनुभयो । बढी पानी पनि सोही क्षेत्रमा पर्ने र बाढीपहिरो तथा डुबानका घटना हुन सक्ने अनुमान गरिएको उहाँले बताउनुभयो । कोशीमा २२ हजार घर प्रत्यक्ष प्रभावित हुने तथा पाँच हजार परिवारलाई राहत र उद्धार गर्नुपर्ने अवस्था आउनसक्ने अनुमान गरिएको छ । त्यसपछि मधेश प्रदेशमा ९८ हजार घरपरिवारका चार लाख ३० हजार मानिस प्रभावित हुने अनुमान गरिएको छ । कूल २० हजार प्रत्यक्ष प्रभावित हुने तथा चार हजार घरपरिवारलाई राहत र उद्धार गर्नुपर्ने अवस्था आउन सक्ने प्राधिकरणको आँकलन छ ।

तेस्रोमा लुम्बिनी प्रदेशका ७७ हजार घरका तीन लाख ३६ हजार पाँच सय ५८ व्यक्ति प्रभावित हुने अनुमान छ । उक्त प्रदेशमा १५ हजार परिवार प्रत्यक्ष प्रभावित हुने र तीन हजारलाई उद्धार र राहतको आवश्यकता पर्न सक्ने अनुमान गरिएको प्राधिकरणले जनाएको छ । बागमती प्रदेशमा ३३ हजार तीन सय ७१ घर परिवारका एक लाख ४६ हजार, गण्डकी प्रदेशका २५ हजार घर परिवारका एक लाख १० हजार पाँच सय ५४, कर्णाली प्रदेशमा ११ हजार पाँच सय ४८ घर परिवारका ५० हजार चार सय ६४ मानिस प्रभावित हुने अनुमान गरिएको छ ।

यस्तै सुदूरपश्चिम प्रदेशमा ५३ हजार घर परिवारका दुई लाख ३३ हजार एक सय ९० व्यक्ति कुनै न कुनै रुपमा विपद्बाट प्रभावित हुने र त्यसमध्ये पाँच हजार घर परिवार प्रत्यक्ष प्रभावित भई एक हजार पाँच सय घरलाई प्रत्यक्ष राहत र उद्धार गर्नुपर्ने अवस्था आउन सक्ने अनुमान छ ।

विभिन्न विश्लेषणका आधारमा उक्त अनुमान गरी सोही अनुसार प्रतिकार्यका लागि राष्ट्रिय योजना बनाएर विपद् व्यवस्थापनको पूर्व तयारी गरिरहेको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले बताउनुभयो । यसपटक सरकारले गृह मन्त्रालयमा ‘कमाण्ड सेन्टर’ स्थापना गरी विपद् व्यवस्थापन कार्य अघि बढाएको छ । विपद् क्षेत्रमा आधा घण्टामा टोली पुग्ने गरी तयारी गरिएको गृहमन्त्रालयले जनाइसकेको छ । (रासस)









# मधेशको कलाकार सम्मानित



मधेश सरकारको तर्फबाट मधेश प्रदेशभित्रका कलाकार, साहित्यकार, संगितकारभाषा, साहित्यकार, नाट्यकर्मीलगायतलाई सम्मान गरेको छ । र, यसरी सम्मान गरेपछि ती कलाकारहरुले पहिलो पटक आफ्नै प्रदेशमा सम्मान महसुस गरेको बताउनुभएको छ । लामो सयमदेखि लोक गायन क्षेत्रमा लाग्नु भएका सुभाष यादव विरपुरियाले मधेश सरकारको तर्फबाट पहिलो पटक सम्मान पाउँदा आत्मसम्मानसँगै सन्तुष्टि मिलेको बताउनुभयो । अशोक झा सन्तोष पनि सरकारस्तरबाट पहिलो पटक सम्मान पाएपछि खुसी व्यक्त गर्दै भन्नुभयो, "सरकारले पनि कलाकारहरुलाई ध्यान दिएको रहेछ ।"

कलाकारहरुको संरक्षण, सम्वर्द्धनमा सरकारको लगानी भयो भने लोककला, संस्कृति, साहित्यले जीवन्तता पाउने विश्वास उहाँले व्यक्त गर्नुभयो । कलाकार रमिला साहले पनि सरकारबाट पहिलो पटक सम्मान पाउनु भएको छ । सम्मान ग्रहण गर्दै उहाँले भन्नुभयो, "लोकसंस्कृति नै हाम्रो मूल पहिचान हो, यसको संरक्षण गर्नको लागि कलाकारको संरक्षण गर्नुपर्छ । यसको सुरुवात सरकारले गरिसकेकोमा मलाई निकै खुशी लागेको छ र यसले निरन्तरता पाउनेमा म आशावादी छु ।"

कलाको पुस्तान्तरण भएन भने कला सङ्कट पर्ने भन्दै उहाँले लोककलाको जगेर्ना सरकारी स्तरमा भयो भने कलाकारहरुमा ऊर्जा थपिने विश्वास व्यक्त गर्नुभयो । मधेश प्रदेश सरकारले प्रदेशभित्रका भाषा, कला, साहित्य, संस्कृति, गीत/संगीत, नाट्य गरी छ विधाको संरक्षण, सम्वर्धन, हस्तान्तरणको लागि गठन गरेको मधेश प्रज्ञा प्रतिष्ठानले असार १२ गते विभिन्न विधाका चार दर्जन कलाकारहरुलाई सम्मान गरेको छ ।

इन्टलेक्च्युअल फाउण्डेशन नेपालको सहकार्यमा प्रतिष्ठानद्वारा धनुषाको मिथिलाबिहारी नगरपालिका २ पुरन्दाहास्थित कल्चरल भिलेजमा आयोजित भाषा, कला, साहित्य, संस्कृति, गीत/संगीत, नाट्य विषयक प्रादेशिक अन्तरसंवाद तथा सम्मान कार्यक्रममा कलाकारहरुलाई सम्मान गरिएको उहाँले बताउनुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री राजकुमार लेखीले भाषा, कला, साहित्य, संस्कृति, गीत/सङ्गीत, नाट्य क्षेत्रमा सरकारले काम गरिरहेको बताउनुभयो । मधेशमा शिक्षाको अवस्था नाजुक रहेको भन्दै उहाँले यस क्षेत्रको कार्यान्वयनको तहमा कार्यान्वयन भइरहेको छ कि छैन चासो राख्नु पर्नेमा जोड दिनुभयो । यी क्षेत्रको कार्यान्वयन तह स्थानीय तहले कसरी काम गरिरहेको छ, भाषा, साहित्यकार, कविहरुले चासो राख्नुपर्ने बताउनुभयो । प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साहले गणतन्त्र स्थापनामा कलाकारहरुको ठूलो भूमिका रहेको प्रसंग उल्लेख गर्दै राजनीतिलाई दीगोपन र स्थायित्व दिन भाषा, साहित्य, कला संस्कृतिले ठूलो महत्व राख्ने बताउनुभयो । उहाँले भन्नुभयो "मधेशमा बोलिने सबै भाषा मधेशी भाषा भएकोले मधेशी भाषाको विकास गर्नुपर्छ ।"

# सांसद कंगना फिल्म नछाड्ने

बलिउडकी अभिनेत्री तथा सांसद कंगना रनौतले भर्खरै लोकसभा सदस्यको शपथ लिएकी छिन् । एक पुरानो अन्तरवार्तामा कंगनाले चुनाव जितियो भने फिल्म इन्डस्ट्री छाड्ने बताएकी थिइन् । तर अहिले चुनाव जितेर सांसद नै बनिसकेपछि भने उनले आफ्नो फिल्मी इनिङ्स जारी राख्ने देखिएको छ । यस कुरालाई उनका निकटवर्तीले पुष्टि गरेका छन् ।

कंगनाको आगामी रिलिज 'इमर्जेन्सी' हो । यो फिल्म यसअघि कार्तिक आर्यनको 'चन्दु च्याम्पियन'सँगै रिलिज हुने तय भएको थियो । तर चुनावका लागि फिल्मको रिलिज डेट पछाडि सारियो । चलचित्र छिट्टै रिलिज गर्ने तयारी भइरहेको छ । संसद्को अधिवेशन सकिएपछि फिल्म रिलिजको तस्बिर स्पष्ट हुने कंगना निटक स्रोतले बताएको भन्दै भाष्कर दैनिकले समाचार छापेको छ ।

फिल्म २५ जुनमा मात्र रिलिज गर्ने प्रयास गरिएको थियो । सन् १९७५ को जुन २५ मा तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले भारतमा आपत्काल लगाएकी थिइन् । कंगनाको फिल्म सोही घटनामा केन्द्रित छ । लोकसभाको चुनावका कारण फिल्मको रिलिज समय पछाडि सारियो । अब फिल्म सेप्टेम्बर ६ मा रिलिज हुने बताइएको छ । राजनीतिमा आफ्नो पहिलो पारीसँगै कंगनाले आफ्नो फिल्मी यात्रालाई पनि निरन्तरता दिनेछिन् । अर्को फिल्मको घोषणा छिटै हुन सक्ने बताइएको छ । कंगनाको हातमा यतिबेला आनन्द एल राईको तनु वेड्स मनु ३ र आलौकिक देसाईको पौराणिक नाटक सीता-द इन्कारनेसनजस्ता फिल्म रहेको चर्चा छ । तर यसबारे कुनै अपडेट आएको छैन ।

**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं ।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९

## वडा कार्यालयको अपिल

### तपाईको स्वास्थ्य हाम्रो अठोट
### समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**
**औरही गाउँपालिका, सिरहा**
**औरही वडा नम्बर ५ को कार्यालय**

# सिकलसेल रोगले लिँदैछ ज्यान, सरकार बेखबर



गाउँपालिका कार्यालय बाहिर बैसाखीको सहारामा बल्लतल्ल उभिन सकेका थिए, साँघुराम चौधरी । देख्ने जो-कोहीले पनि उनको अनुहारमा असिम पीडा अनुभूत गर्न सक्थ्यो । कैलारी गाउँपालिका-८ लोहरपुरका ३८ वर्षीय साँघुरामलाई सिकलसेल रोगले च्यापेको ९ वर्ष पुग्यो । रक्तप्रवाह रोकिएर सुक्दै गएको उनको एउटा खुट्टा पोहोर मंसीरमा चिकित्सकले काटिदिए । त्यसमाथि निरन्तरको शरीर दुखाइ र विभिन्न अंगमा देखा पर्ने समस्याले गिजोलिराख्छ । साह्रो-गाह्रो हुँदा रगत चढाइहाल्नुपर्छ ।

त्यसदिन उनी सिकलसेलका बिरामीले पाउने सुविधाबारे जानकारी लिन गाउँपालिका कार्यालय पुगेका थिए । साँघुरामका अनुसार उपचारमा उनको जायजेथा सबै सकियो । लघुवित्तको ऋण तिर्न दुई कट्ठा जग्गा र बस्तुभाउ बेच्नु पऱ्यो । घरमा श्रीमती र ११ वर्षका छोरा छन् । "अब त रगत दिने साथीभाइ पनि टाढिन थालिसके", उनले भने । उता कैलारी-५ का नेकिराम कठरियाका १६ र १४ वर्षका दुई सन्तान रोग पत्ता नलागेरै बिते । "छोरीलाई ज्वरो आइराख्थ्यो, एक दुई पटक पखाला चलेपछि बचाउन सकिएन" उनले भने, "छोरालाई पित्तथैलीमा पत्थरी थियो, जन्डिस पनि देखिएको थियो ।" कठरियाकी श्रीमती पनि सिकलसेलकी बिरामी हुन् । पछि परीक्षण गराउँदा उनकी जेठी छोरीमा पनि सिकलसेल देखियो । त्यसैले बितेका दुई बच्चाको मृत्युको कारण पनि सिकलसेल हुनसक्ने उनको अनुमान छ । चिकित्सकहरूका अनुसार सिकलसेलका बिरामीलाई पत्थरी, जण्डिस जस्ता समस्या पनि हुने गर्छ ।

धनगढीकी २९ वर्षीया सुष्मा राना थारूलाई सानैदेखि हातखुट्टा दुख्ने, थकाइ लाग्ने, शरीर दुख्ने समस्या थियो । महीनैपिच्छे बिरामी पर्न थालेपछि अभिभावकले झारफुक गराए । उस्तै समस्या भाइ शिवमलाई पनि देखिएपछि २१ जेठ २०७७ मा परीक्षण गराउँदा दिदीभाइ दुवैमा सिकलसेल पोजिटिभ देखियो । अहिले शिवमका पाँच वर्षीय छोरामा पनि त्यही समस्या देखिएको छ । यस पटक भने उनीहरूले झारफुक गरेनन्, अस्पताल लगे । सुष्मा भन्छिन्, "तीनै जना औषधि खाइरहेका छौं ।"

**असाध्यै पीडा, भद्रगोल व्यवस्थापन**

सिकलसेल रोगले असाध्यै पीडा दिने र उपचार पनि महँगो हुने गरेको प्रा.डा. विशेष पौडेल बताउँछन् । यो रोगका बिरामीलाई सरकारले उपचारका लागि केही सहयोग गरे पनि त्यसबाट खासै मद्दत नपुगेको उनको बुझाइ छ । उनी भन्छन्, "यो रोगका बिरामीलाई प्रसवका बेला महिलालाई हुनेभन्दा पनि धेरै बढी पीडा निरन्तर भइरहन सक्छ ।" सिकलसेल रोगका बिरामीको शरीरमा रक्त कोषिकाहरू हँसिया आकारको हुने हुँदा त्यस्ता कोषिकाहरू एकापसमा गुजुल्टिएर रक्त प्रवाहमा बाधा पुग्ने र त्यसले असह्य पीडा दिने उनी बताउँछन् । चिकित्सकका अनुसार रक्त प्रवाहमा अवरोधका कारण शरीरका विभिन्न अंग काम नलाग्ने, हृदयघात हुनेसम्म हुन्छ ।

पश्चिम नेपालको थारू समुदायमा बढी देखिएको यो वंशाणुगत रोगका पीडितहरू कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङमा बढी छन् । दुई वर्षअघि अध्येता सन्तराम चौधरीले दाङ जिल्लामा गरेको एक अध्ययन अनुसार त्यहाँ थारू समुदायका ९.३ प्रतिशतमा सिकलसेल देखिएको थियो। जबकि, थारूबहुल पश्चिमका पाँच जिल्लामध्ये दाङमा प्रभावितको संख्या कम भएको अनुमान छ । स्वास्थ्य कार्यालय, बर्दियाले १ हजार ९९२ जनामा गरेको अनुसन्धानमा ११ प्रतिशतमा सिकलसेल रोग फेला परेको थियो ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार सानो आकारमा भएका यस्ता छिटपुट सर्वेक्षण बाहेक नेपालमा सिकलसेल प्रभावित जनसंख्या कहाँ कति छ भन्नेबारे विस्तृत अध्ययन भएको छैन । परिषद्ले सिकलसेलबारे नेपालको तराईका जिल्लामा गरेको एक विस्तृत अध्ययनको प्रतिवेदन भने अझै तयार भइनसकेको त्यहाँका सूचना अधिकारी चन्द्रभूषण यादव बताउँछन् ।

"यो रोग निर्मूल पार्न अहिलेसम्म पत्ता लागेको उपचार भनेको १२ वर्षभन्दा माथिका बिरामीका लागि जिन थेरापी हो, जुन असाध्यै महँगो छ" प्रा.डा. पौडेल भन्छन्, "जिन थेरापीका लागि विदेशमा करिब १६-१७ करोड रुपैयाँ खर्च लाग्छ।" यद्यपि पाँच वर्ष मुनिका बालबालिकामा बोनम्यारो ट्रान्सप्लान्ट गरेर निर्मूल पार्न सकिने उनले बताए । नेपालमै सम्भव रहेको बोनम्यारो ट्रान्सप्लान्टका लागि आवश्यक स्रोतसाधन भए पनि सरकारले व्यवस्थापन गर्न नसकेको उनको गुनासो छ ।

संघीय सरकारले सिकलसेल प्रभावितका लागि उसको जीवनभरमा उपचार बापत एक लाख रुपैयाँ उपलब्ध गराउँछ ।

**महिलालाई झनै गाह्रो**

गोदावरी नगरपालिका-८ की राधा चौधरीको जीवन सिकलसेलले कष्टसाध्य बनाएको छ । उनका दाइ, दिदी र भाइ समेत यही समस्याबाट प्रभावित छन् । ३५ वर्षीया राधाका अनुसार ९ वर्षअघि माइती गाउँ कञ्चनपुरको कृष्णपुर-६ मा छँदा सिकलसेल पोजिटिभ पुष्टि भएकी उनी गाउँकै पहिलो व्यक्ति हुन्। भन्छिन्, "त्यसै बेलादेखि हो, सेती अस्पतालले सिकलसेल बिरामीको तथ्यांक राख्न शुरू गरेको ।" २०७३ सालमा स्नातक तह पढ्दै गर्दा उनको विवाह पक्कापक्की भइसकेको थियो- आफ्नै प्रेमी राजेश चौधरीसँग। तर, बिहे हुनुअघि उनी बिरामी परिन् । बिरामीको कारण सिकलसेल भन्ने थाहा पाएका केटा पक्षले उनलाई भित्र्याउन मानेनन् । त्यसको तीन वर्षपछि २०७६ सालमा मात्रै राधाको सम्भावित उपचार खर्च माइतीले नै व्यहोर्ने शर्तमा विवाह भयो ।

२०७९ सालमा राधा गर्भवती भइन् । पिसाबबाट रगत आउने समस्या देखिएपछि उनी धेरै अस्पतालहरूमा पुगिन् । अन्त्यमा सिकिस्त भइसकेपछि काठमाडौंको ब्लड हस्पिटलमा भर्ना भइन् । "१२ दिनसम्म आईसीयूमा बस्नु पऱ्यो" उनी भन्छिन्, "१७ पिन्ट रगत चढाउनु परेको थियो ।" चिकित्सकको सुझाव अनुसार उनी सुत्केरी हुँदासम्म काठमाडौंमै बसिन् । सिकलसेलले गर्दा बेलाबेला राधाको फियो सुन्निन्छ । उनी भन्छिन्, "दुखाइको सीमा नै हुँदैन । सास फेर्न, उठ्न-बस्न पनि गाह्रो हुन्छ ।"

बारम्बार सुन्निएर असाध्यै दुःख दिने फियो शल्यक्रिया गरेर निकाल्न चिकित्सकले सुझाव दिएका छन् । उसो त उनलाई बोनम्यारो प्रत्यारोपण गरेपछि यो रोग धेरै हदसम्म नियन्त्रण गर्न सकिने पनि थाहा छ । तर, त्यसका लागि लाग्ने ५ देखि ७ लाख रुपियाँ खर्च राधाको हैसियतभन्दा निकै परको कुरा हो ।

कञ्चनपुरकी १७ वर्षीया सम्झना चौधरीको शरीर सिकलसेलले थिलोथिलो पारेको छ । एक वर्षअघि उनी बिरामी परेर अस्पताल पुग्दा शरीरमा रगतको मात्रा निकै कम भइसकेको थियो । सेती प्रादेशिक अस्पतालमा परीक्षण गर्दा थाहा भयो, उनलाई सिकलसेल भएको रहेछ । "उपचारमा धेरै पैसा खर्च भइसक्यो, नियमित औषधि खाइरहेकी छु" उनी भन्छिन्, "तर, पनि बेलाबेला हुने पीडाले अब जीवन सकिन्छ जस्तो लाग्छ !"

कैलारी-८ की ३५ वर्षीया संगीता चौधरी बिरामी पर्दा अस्पतालमा कुरिदिने मान्छे समेत हुँदैनन् । सिकलसेल भएकी उनका हात-खुट्टाको जोर्नी कमजोर भएर राम्रोसँग हिंडडुल गर्ने अवस्था छैन । मासिक औसतमा ४ पिन्ट रगत चढाइरहेकी उनको आर्थिक अवस्था कमजोर हुँदा उपचार राम्रोसँग भएको छैन । उपचारका लागि खर्च जुटाउने, बिरामी पर्दा कुरुवा बस्ने जस्तो सहयोग माइतीले नै गर्दै आएका छन् । नौ वर्षको अवधिमा ७ लाख रुपैयाँ  खर्च भइसकेको उनी बताउँछिन् । भन्छिन्, "यो रोग पत्ता लागेपछि छरछिमेकले समेत हेलाँ गर्छन् ।"

चेतना कम भएको समुदायमा सिकलसेलका बिरामीलाई हेर्ने दृष्टिकोण फरक छ । यही कारण युवा-युवतीको विवाह रोकिन्छ । विवाह भइहाल्यो भने पनि हेलाँहोचो र मातृत्वमा प्रश्न उठाइन्छ । संगीताको दुई वर्षीय बच्चालाई पनि सिकलसेल पोजिटिभ छ । तर, परिवार र समाजबाट तिरस्कृत हुने डरले यो कुरा अरूलाई सुनाएकी छैनन् । भन्छिन्, "गाउँमा सिकलसेल रोगबारे गलत जानकारी छ । यस्ता बिरामीलाई गाउँमै बस्न दिनुहुन्न भन्छन् । छुवाछूत गर्न थाल्छन् ।" राधा चौधरीको साथीलाई पनि सिकलसेल देखियो । यसैकारण स्नातकसम्म सँगै पढेको साथीसँग तय भएको विवाह टुट्यो । अहिले ती बिरामी काठमाडौंमा उपचाररत छन् ।

राधा भन्छिन्, "सिकलसेलले जीवनमा ठूलो निराशा ल्याउँछ । स्वस्थ मानिस बराबर हामी सक्रिय हुन सक्दैनौं, तर परिवार र समाजले उत्तिकै काम गर्न दबाब दिन्छ । समाजमा यसै पनि हेपाइमा परेका महिला यो रोग लागेपछि त झन् धेरै उत्पीडनमा बाँच्नुपर्छ ।" अनुसन्धानकर्ता यूजिन कुश्मी सिकलसेलले महिला र पुरुषमा एकै खालको प्रभाव पार्ने भए पनि महिलालाई गर्भवती र सुत्केरी हुँदा विशेष स्याहार र उपचार चाहिने बताउँछन् । महिलामाथि हुने कामको बोझ, लुगाधुने, भाँडा माझ्ने जस्ता घरेलु कामदेखि कृषि क्षेत्रमा काम गर्ने महिला पानीको सम्पर्कमा रहने हुँदा त्यसले पनि उनीहरूलाई बढी दुःख दिन्छ ।

स्नातकोत्तर तहको थेसिस यही विषयमा गरेका यूजिन सिकलसेल प्रभावित केही बिरामीले पारिवारिक तथा सामाजिक विभेद सहन नसकेर आत्महत्या समेत गरेको दाबी गर्छन् । चिकित्सक विशेष पौडेल सिकलसेलले महिला र पुरुषमा बेग्लै प्रभाव नपारे पनि गर्भवती र सुत्केरी हुँदा महिलाको अवस्था अनुसार विशेष उपचार आवश्यक पर्ने बताउँछन् ।

**बाँकी पृष्ठ १२ मा**

# जनकपुरमा आँप मेला

मधेश आँपको राजधानी हो । त्यहाँ हरेक प्रकारको आँप फल्छ र त्यहाँबाट देशैभर जान्छ । त्यसमा लहानको आँप पर्ख्यात छ । तर मधेशमा आँप उत्पादन भएपछि त्यसको प्रवर्द्धन तथा बजारमा कसैले ध्यान दिएको छैन । पहिलो पटक मधेश प्रदेशमै पहिलो पटक आन्तरिक बजार प्रवर्धन गर्ने उद्देश्यले आँप मेलाको आयोजना गरिएको थियो । धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा यो मेलाको आयोजना गरिएको थियो मेलामा विभिन्न २० भन्दा बढी प्रजातिका आँप प्रदर्शनीमा राखिएको थियो ।

बजार प्रवर्द्धन तथा नयाँ पुस्तालाई आँपको प्रजाति चिनाउन एक दिवसीय आँप मेलाको आयोजना गरिएको मेला आयोजक समितिका फुलगेन मगहीले बताउनुभयो । मेलामा आँपबाट बनाइएका आचार, अमोठलगायतका विभिन्न परिकारसमेत प्रदर्शनी तथा बिक्रीका लागि राखिएको मगही भाषाका अभियन्तासमेत रहेका महतोले जानकारी दिनुभयो ।

उहाँले मेला घुम्न आउने अतिथिलाई निःशुल्क आँप खुवाउने व्यवस्था मिलाइएको बताउँदै एक हजारभन्दा बढी व्यक्तिले मेला अवलोकन गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “नयाँ पुस्ताले आँपलाई आँपकै नाम चिन्ने गरेका छन् तर आँपका विभिन्न प्रजाति हुन्छ । सहरमा बसोबास गर्नेलाई पनि आँपको प्रजातीबारे त्यति धेरै जानकारी हुँदैन ।” त्यसैले यहाँ आउनु अतिथिलाई आँपको बगैंचा डुलाएर आँपको प्रजाती चिनाउने व्यवस्थासमेत मिलाइएको महतोले बताउनुभयो ।

आँप मेलामा विभिन्न उच्चपदस्त व्यक्तिदेखि लिएर विभिन्न विद्यालयका विद्यार्थी, संङ्घसंस्थाका पदाधिकारी र स्थानीयले अवलोकन गरेका थिए । होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्ज कार्कीले यहाँका आँपलाई अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नेपर्ने बताउनुभयो । यसका लागि तीन वटै तहका सरकारले पहल गर्नुपर्ने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “बजारमा देखिने रियल, रियो, फ्रुटीलगायतका जुस बनाउन उद्योगीले भारत र बङ्गलादेशबाट केमिकल ल्याउँछन् । यहींका आँपबाट जुस बनाउन सकियो भने अर्गानिक र कम लागतमा जुस उत्पादन गर्न सकिन्छ । ग्राहकलाई सस्तो पर्छ । त्यसका लागि सरकारले उद्योग स्थापनामा जोड दिनुपर्छ ।” यसका अलावा आँप भण्डारण गर्न चिस्यान केन्द्र गाउँगाउँमा स्थापना गर्नुपर्ने अध्यक्ष कार्कीले बताउनुभयो ।

# बाली उत्पादनमा वृद्धि हुने सरकारको अनुमान

चालु आर्थिक वर्ष सबै बालीको उत्पादन बढ्न अनुमान सरकारले गरेको छ । आर्थिक सर्वेक्षण २०८०/०८१ का अनुसार धान, गहुँ, मकैलगायत खाद्यान्न बालीको उत्पादन ४.३६ प्रतिशत तथा नगदेबालीको रुपमा रहेका आलु र तेलहन बालीको उत्पादन ५.०७ प्रतिशतले बढ्ने अनुमान गरेको छ ।

त्यस्तै, औद्योगिक बालीको उत्पादन ४.६३ प्रतिशत, दलहन बाली ४.७९ प्रतिशत, मसलाबाली ३.७४ प्रतिशत, फलफूल बाली ०.६७ प्रतिशत र तरकारी ०.५२ प्रतिशतले वृद्धि हुने अनुमान सर्वेक्षणले गरेको छ । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले चालु आर्थिक वर्षको फागुनसम्म ९४.१७ मेट्रिक टन स्रोत बीउ उत्पादन गरेको छ । आर्थिक सर्वेक्षण २०८०/०८१ का अनुसार तरकारी, फलफूल, अलैंची लगायत गरी चार लाख २० हजार ५८ बेर्ना/बिरुवा र आलुको ४३ हजार ७५५ दाना पूर्व मूल बिउ उत्पादन भएको छ । यस्तै, ६० जातको पञ्जीकरण तथा उन्मोचनको कार्य अघि बढेको उल्लेख छ ।

नार्कले कृषि क्षेत्रमा जातीय तथा नस्ल विकास, प्रविधि विकास एवं हस्तान्तरण, स्रोत सामाग्री उत्पादन, आनुवंशिक स्रोत संरक्षण लगायतका कार्यक्रम सञ्चालन हुँदै आएको छ । गत आर्थिक वर्ष १८ जात पञ्जीकरण/उन्मोचनको कार्य र बाली, बागवानी, पशु तथा मत्स्यपालन यान्त्रीकरणको गरी जम्मा २५ नयाँ प्रविधि विकास भएको थियो । जिन बैंक, तन्तु बैंक र डी.एन.ए. बैंक गरी गत आर्थिक वर्ष एक हजार ७५ बालीको आनुवंशिक स्रोत संरक्षण गरिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १७५ आनुवंशिक स्रोत जिन बैंकमा संरक्षण गरिएको छ ।

चालु आर्थिक वर्ष केराको पानामा रोग व्यवस्थापन, तन्तु प्रविधि प्रयोग गरी स्याउको द्रुत गतिमा बेर्ना उत्पादन गर्ने प्रविधि, मकै बाली संरक्षण, कृषिमा आधारित जलवायु अनुकूलित खेती प्रविधि, अक्सिजन नानो बबल प्रयोग गरी माछा भुरा ढुवानी गर्ने प्रविधि र च्याउको पोस्ट हार्भेस्ट प्रशोधन प्रविधि विकास भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

# कटहर व्यवसायमा रमाउदै युवा

धनुषामा उत्पादित कटहर भारतीय बजारमा लोकप्रिय हुँदैगएको छ । विगतमा यातायातको सुविधा नभएका कारण नेपाली बजारमा मात्र बिक्री हुने कटहर अहिले भारतीय बजारमा बिक्र वितरण भइरहेका छन्, जसबाट किसानले मनग्ये आम्दानी लिन थालेका छन् ।

नेपाली कटहर स्वादिलो तथा पुष्टकर रहेकाले भारतीय भारतीय बजारमा यसको माग बढ्दै गएको छ । कटहर व्यवसायी श्यामशंकर कामतले नेपाली कटहरको भारतीय बजारमा माग बढिरहेको बताउनुभयो । वैशाखदेखि भदौ महिनासम्म कटहरको राम्रो व्यवसाय हुने गरेकोले यस व्यवसायमा आफूजस्तै विभिन्न स्थानका करिब पाँचसय युवा संलग्न रहेको उहाँले बताउनुभयो ।

धनुषा जिल्लामा ४२८ हेक्टर जमिनमा कटहर खेती हुने गरेको तथा यसपटक चार हजार ४६७ मेट्रिकटन कटहर फलेको कृषि ज्ञान केन्द्र धनुषाका बागबानी विकास अधिकृत प्रदीप यादवले जानकारी दिनुभयो । यसको तरकारी, आचार तथा पाकेपछि फलका रुपमा (कोवा) समेत खाने गरिएको उहाँले बताउनुभयो ।

धनुषामा प्रति हेक्टर २० देखि २५ मेट्रिकटनसम्म कटहर उत्पादन हुने गरेको धनुषा जिल्लामा यसवर्ष राम्रो उत्पादन भएको ज्ञान केन्द्रले जनाएको छ । खासगरी धनुषाको उतरीक्षेत्र ढल्केबजार, महेन्द्रनगर, पोर्ताहा, धारापानी, लालगढ र वयलवास लगायतका ग्रामीण क्षेत्रमा कटहरको उत्पादन अर्थात खेती हुने गरेकोले त्यहीबाट कटहर किनेर भारतीय बजारमा बिक्री गरेको व्यापारी राहुल साहले बताउनुभयो ।

बेरोजगार भई बसेका युवाले कटहर बेचेर राम्रो आम्दानी गर्न थालेपछि यस व्यवसाय तर्फ अन्य युवा पनि आकर्षित भई आर्थिक लाभ लिँदै आइरहेका छन् । अहिले यहाँका युवा साइकलमा कटहर राखेर सीमावर्ती भारतीय बजार जयनगर, उमगावँ, बासोपटी, हरिने, हरलाखी, मधुवनी, मधवापुर र भिट्ठामोड जस्ता बजारसम्म लगेर बिक्रीवितरण गरी अत्यधिक मुनाफा गरिरहेका छन् । धनुषाका गाउँगाउँबाट कटहर किनेर बिक्री गर्न जाँदा भारती सुरक्षाकर्मीले भने अवरोध




"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००



# समाचार/विविध

## चीनले नेपाल...

मा चीन सरकारको विभिन्न निमन्त्रणामा नेपालबाट एक हजार तीन सय जना नेपालीहरु चीनको भ्रमण गरिसकेका छन् । २०२४ मा त त्यो सँख्या त्यो भन्दा धेरै हुने अनुमान गर्न सकिन्छ । चीनभन्दा नेपालबाट भ्रमण गर्नेको सँख्या बढी छन् । चीनबाट पनि भ्रमण हुने गरेका छन् । तर सँख्यात्मक हिसाबले नेपालभन्दा निकै कम । पर्यटक भएर आउने सँख्याहरु धेरै छन् तर सरकार तथा विभिन्न राजनीतिक दल, संघ संस्थाको विशेष निमन्त्रणामा पनि चीनबाट भ्रमण हुने गरेका छन् ।

हालै नेकपा (एमाले)का उपमहासचिव विष्णु रिमालका नेतृत्वमा २९ सदस्यीय टोली १० दिनका लागि चीन भ्रमणमा गएको थियो । चिनियाँ काम्युनिष्ट पार्टीका निमन्त्रणमा उहाँहरु सो भ्रमणमा जानुभएको थियो । जेठ २८ गते एमाले, माओवादी, जसपा नेपाल, नेकपा (एस), विप्लव नेतृत्वको नेकपा र नेकपा मालेका २९ जनाको अर्को टोली चीन गएर गत असार ७ गते नेपाल फर्कि सक्नुभएको थियो । जेठ ९ गते माओवादी केन्द्रका नेतृ एवं भरतपुर महानगरपालिकाका मेयर रेणु दाहाल पनि चीन भ्रमणमा पुग्नु भएको थियो ।

त्यसअघि एमालेकै नेतृ डा.अञ्जना शाक्य नेतृत्वको एक टोली चीन भ्रमण सकाएर फर्कि सकेका छन् । माओवादी केन्द्रका उपाध्यक्ष एवं उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ चीनको नौ दिने भ्रमण सकाएर चैत १९ गते नेपाल फर्किनु भएको छ । उहाँले २०८० मा दुई पटक चीनको भ्रमण गर्नुभएको थियो ।  नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपाल नेतृत्वमा २०८० कात्तिक २१ गते १५ जनाको टोली चीन भ्रमणमा गएर फर्किनु भएको थियो । त्यसअघि जेठ ५ गते माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाको नेतृत्वमा २० सदस्यीय टोली चीन गएर फर्किनु भएको छ । त्यसपछि साउन २५ गते माओवादी महासचिव देव गुरुङ चीन गएर फर्कि सक्नुभएको छ । त्यस लगतै भदौ १७ गते एमालेका महासचिव शंकर पोखरलेको नेतृत्वमा २२ सदस्यीय टोली चीन गएर फर्केको छ ।  त्यसपछि माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड असोज ६ गते चीन पुगेर असोज १३ गते नेपाल फर्किनु भएको छ ।

प्रधानमन्त्री प्रचण्ड फर्केपछि नेकपा (एस)का सम्मानित नेता झलनाथ खनाल असोज २९ गते चीन गएर कात्तिक ६ गते फर्किनुभयो । माओवादी केन्द्रमा उपमहासचिव एवं अर्थ मन्त्री वर्षमान पुन असार २७ गते चीन भ्रमणमा जान लाग्नु भएको छ । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी पनि चीन भ्रमण जाने तयारीमा हुनुहुन्छ । अन्य नेताहरुको पनि चीन भ्रमणको तयारी चलिरहेको छ ।

चीनका राष्ट्रपति सी चीन फिङदेखि लिएर प्रधानजमन्त्री, विभिन्न मन्त्रीदेखि लिएर चिनियाँ कम्युनिष्ट पार्टीका शीर्ष नेताहरु नेपालको भ्रमण गरिसक्नु भएको छ । चीनका विभिन्न प्रान्तका चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरु एकपछि अर्को उच्च स्तरीय भ्रमण गरिरहेका छन् । केही दिनअघि चिनियाँ उपविदेशमन्त्री सुन वेइडोङ आफ्नो तीन दिने नेपाल भ्रमण पुरा गरि स्वदेश फर्कि सक्नु भएको छ । उपविदेशमन्त्री वेइडोङ नेपाल-चीन कूटनीति परामर्श संयन्त्रको १६ औं बैठकमा सहभागी हुनका लागि नेपाल आउनु भएको थियो ।

चिनियाँ जनराजनीतिक परामर्शदातृ राष्ट्रिय सम्मेलनका उपाध्यक्ष बाटेर जेठ २९ गते नेपाल भ्रमणमा आएर फर्कि सक्नु भएको छ । जेठ ३० गते नै चीनका राष्ट्रिय धार्मिक, साँस्कृतिक मामिला प्रशासन मन्त्री चेन रुइफेंङ नेपाल भ्रमण आउनु भएका थियो । गत पुस १९ गते चिनियाँ कम्युनिस्ट पार्टीका उपमहासचिव साइ युगाङको नेतृत्वमा चीनको टोली नेपाल आएको थियो ।

गत वर्ष चिनियाँ विदेश विभाग प्रमुख लिउ च्यनचाउ र चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य युआन च्या छुट्टा छुट्टै नेपाल भ्रमण गर्नुभएको थियो । चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य युआन २५ सदस्यीय टोलीको नेतृत्व गरेर नेपाल भ्रमणमा आउनु भएको थियो । २०८० पुस १९ गते नेकपा (एस)को निमन्त्रणामा चिनियाँ कम्युनिस्ट पार्टीको युनान प्रान्तीय कमिटीका उपसचिव सी युगाङको नेतृत्वमा अर्को टोली आएर नेपालको भ्रमण गरेको थियो ।

गत मंसिर ९ गते चीनले पोखरामा अन्तर्राष्ट्रिय माउन्टेन क्रस-कन्ट्री प्रतियोगिताको आयोजना गरेको थियो । त्यसका लागि ७४ जनासहित १०४ जना चाइनिजहरु विमान चार्टर्ड गरेर नेपाल आएका थिए । कोभिड-१९ को महामारीपछि २०७९ चैतमा चीनबाट पहिलो पटक चार्टर उडानबाट १८० जना चीनियाँ पर्यटक नेपाल भ्रमणमा आएका थिए ।

## दोहोरो चरित्र...

कुनै कुरामा उहाँले फरक देखाउन सक्नुभएन । त्यस्तै सत्ताकालागि राजनीति गर्नुभएका राजेन्द्र महतोहरु राष्ट्रिय मुक्ति क्रान्तिका कुराहरु गर्दै हुनुहुन्छ । जबकी जनयुद्धकालमा यी मुद्दाहरु उठान गरेका माओवादीहरु सत्ता स्वार्थको राजनीतिमा चुर्लुम्म डुबेका छन् । यसरी मधेशका हाम्रा नेताहरु किन नैतिक पतन भए सत्ता स्वार्थको राजनीतिका लागि दोग्ला चरित्रका भए त ?? यो प्रश्नका उत्तर खोतल्दै जाँदा नेताहरुको चरित्रमा विरोधाभासी नै हो, रुप र चरित्रमा वेमेल । नेताले समाजका अगाड़ी देखाउनु पर्ने चरित्र एउटा छ, तर आफुभित्र निर्माण भएको चरित्र अर्कै छन् । रुप र चरित्रको विरोधाभाषले भयंकर दोग्ला बनाउँछ ।

उदाहरणकालागि कुनै एउटा नेताले आफूलाई भयंकर ज्ञानी देखाउने गर्दछन् तर ज्ञानको धोक्रो खाली छ । जस्तै कसैले जीवनमा बेईमानी भन्दा केही गरेनन् तर देखिनु पर्ने भयंकर इमान्दार । जसले जीवनमा षड़यन्त्रलाई नै जीवनको राजनीति बनाए तर गर्नु परेको छ विचारको कुरा । जसको मन पैसा, सत्ता र शक्तिको लोभ, मोह र तृष्णाले भरिएको छ तर देखिनु पर्ने नैतिकवान र इमान्दार । जसका वरिपरी चाकर, भरौटे र बिचौलिया मात्र छन् तर देखिनु पर्ने भयंकर साधु । समाज र जनताका अगाड़ी क्रान्तिकारी देखनु परेको छ तर क्रांति/संघर्षको भारी बोक्ने काँध छैन । भन्नुको तात्पर्य के हो भन्ने जब नेता आफ्नै सार्वजनिक चरित्रको विरोधाभासले थिचिन्छ अनि निस्किन्छ बड़ो दोग्ला चरित्र भएर । त्यसैले हाम्रा मधेशका यी नेतृत्वदायी भुमिकामा रहेका नेताहरुका दोग्ला या विरोधाभाषी चरित्रलाई हेर्दा भन्न मन लागेछ । को असली र को नक्कली ? सच्च्चा कौन, झूठा कौन ?

## सिकलसेल रोगल...

### सरकारको बेवास्ता

देशमा संघीयता लागू भएपछि सुदूरपश्चिम प्रदेश सरकारले स्वास्थ्य उपचार आर्थिक सहायता निर्देशिका २०७७ (पहिलो संशोधन) को २ (ग) मा कडा रोग भन्नाले मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया रोगलाई सम्झिनुपर्छ भन्ने उल्लेख गऱ्यो । उक्त निर्देशिकालाई टेकेर गोदावरी नगरपालिकाकी राधा चौधरीले २०७८ सालमा मन्त्रालयबाट ५० हजार रुपियाँ उपचार खर्च पाइन् । उनका अनुसार त्यतिबेला सिकलसेलका बिरामीले १० हजारदेखि १ लाख रुपैयाँसम्म उपचार खर्च पाएका थिए । तर २०७९ मा भने प्रदेश सरकारले सिकलसेल बिरामीलाई उपचार खर्च दिएन । प्रदेश सरकारको उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि २०८० मा विपन्न बिरामीलाई कडा रोगको उपचार र आपत्कालीन खर्च सुविधा प्रदान गर्न कार्यविधि बनायो। यो कार्यविधि २०८० को २ (ग) मा कडा रोग भन्नाले क्यान्सर, मिर्गौला प्रत्यारोपण, कलेजो प्रत्यारोपण, बोनम्यारो प्रत्यारोपण, मुटुको शल्यक्रिया, स्पाइनल सर्जरी, मस्तिष्कघात, प्यारालाइसिस तथा नसा सम्बन्धी रोगको सर्जरी उल्लेख छ। सिकलसेल कतै पनि उल्लेख छैन । सिकलसेल रोग विरुद्धका अभियन्ता पीताम्बर चौधरीका अनुसार सुदूरपश्चिम प्रदेश सरकारले सिकलसेल रोगका नाममा करोडौं खर्च गरिरहेको छ । तर बिरामी लक्षित कार्यक्रम कुनै छैन । “सरकारले गोष्ठी, सम्मेलन र बिरामीको पहिचानका लागि बजेट खर्च गरिरहँदा वास्तविक बिरामी भने उपचार नपाएर छट्पटाइरहेका छन् ।”

सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले हालसम्म सिकलसेल रोग व्यवस्थापनका लागि ४ करोड पचास लाख रुपियाँ खर्च गरे पनि कुन कुन शीर्षक अन्तर्गत खर्च भयो भन्ने अभिलेख नराखिएको जनाएको छ । निजामती अस्पताल, काठमाडौंमा सेवारत रक्त रोग विशेषज्ञ प्रा.डा. विशेष पौडेल भन्छन्, “अहिले पनि औसतमा दैनिक १० जना सिकलसेलका बिरामी सिभिल अस्पतालमा आइरहेका छन् । सरकारले यो रोगका बिरामी धेरै रहेका ठाउँमा उपचारको विशेष व्यवस्था मिलाएको भने पनि आर्थिक अवस्था कमजोर रहेका बिरामीहरू सिकिस्त अवस्थामा काठमाडौं आइपुग्नुपर्ने बाध्यता अझै विद्यमान छ ।”


उनका अनुसार बिरामीको अवस्था निर्क्योल नगरी शरीरमा रगत कम छ भन्दै थप रगत दिन थालेपछि समस्या झन् बल्झिन सक्छ । सिकलसेलका बिरामीलाई कुन बेला, कस्तो रगत, कति मात्रामा कसरी चढाउनेबारे राम्रो हेक्का राख्न सक्नुपर्छ । बिरामीको शरीरका अन्य अंगहरू प्रभावित छन् भने त्यसको उपचारमा पनि विशेष विधि अपनाउनुपर्छ । सरकारले चाहेमा सिकलसेल प्रभावित क्षेत्रका अस्पतालहरूमा यो रोग सम्बन्धी राम्रो जानकारी राख्ने रक्तरोग विशेषज्ञहरू र यसै विषयमा डीएम गरिरहेका रेजिडेन्ट डाक्टरहरू पालैपालो पठाउन सकिने उनी बताउँछन् । मानव शरीरमा भएका दुई थरी हेमोग्लोबिनमध्ये एउटा हँसिया आकारको र अर्को स्वाभाविक आकारमै छ भने त्यसलाई सिकलसेल ट्रेट भनिन्छ । दुवै हेमोग्लोबिन हँसिया आकारका छन् भने त्यसलाई सिकलसेल डिजिज भनिन्छ ।

सिकलसेल ट्रेट भएका विवाहित जोडीका सन्तानमा सिकलसेल रोग हुने सम्भावना २५ प्रतिशत हुन्छ भने सिकलसेल डिजिज भएका दम्पतीका सन्तानमा यो रोग लाग्ने सम्भावना शतप्रतिशत नै हुन्छ । त्यसैकारण सिकलसेल भएका महिला र पुरुष दम्पतीले सन्तान जन्माउन उपयुक्त नहुने चिकित्सकहरूको सल्लाह छ । डा. पौडेल भन्छन्, “कसले कोसँग विवाह गर्ने वा कस्तो जोडीले सन्तान जन्माउने कसले नजन्माउने कुरा अरूको सरोकारको विषय नहोला तर, हाम्रो जस्तो भद्रगोल स्वास्थ्य सेवा र अधिकांश सिकलसेल प्रभावितहरूको आर्थिक अवस्था हेर्दा त्यस्तो सल्लाह जायज नै हुन्छ ।”

*(खोज पत्रकारिता केन्द्रबाट सभार)*

चट्याङबाट बच्ने उपायः
बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार